का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १८, अंक १२
❐ २७ माघ २०७६, सोमबार
❐ 10 February 2020, Monday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# अमेरिकी लविङ तीव्र

**दुई वर्ष अगाडि सम्झौता भएको मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) बारे नेपालमा विवाद चर्किएपछि अमेरिकी चासो बढेको छ । एमसीसी पारित गराउन राजदूत बेरी सक्रिय भएका छन् भने एसिया प्यासिफिक सहायक उपाध्यक्ष ब्रुक्सले नेपाली अधिकारीहरुसँग भेटवार्ता गर्दैछन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ

प्रतिनिधिसभामा विचाराधिन रहेको अमेरिकन मिलिनियम च्यालेञ्ज कर्पोरेशन (एमसीसी) अन्तगर्तको नेपाल अनुदानको सम्झौता यथास्थितिमा अनुमोदन गराउन अमेरिकी पक्षले लविङ तीव्र पारेका छन् । एमसीसी सम्झौता विवादमा पर्दा पारित हुन सकेको छैन । जसका लागि अमेरिकी पक्षले कुटनीतिक तबरले दबाब दिदै आएको थियो ।

तर, अहिले अमेरिकी पक्षले विभिन्न नेताहरुलाई भेटेरै लविङ गर्न थालेका छन् । एमसीसी सम्झौताबारे अध्ययन गर्न सत्तारुढ नेपाल कम्युनिष्ट पार्टीले पूर्वप्रधानमन्त्री एवं पार्टीका वरिष्ठ नेता झलनाथ खनालको संयोजकत्वमा नेता भीम रावल र परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली सम्मिलित कार्यदल गठन भइसकेको छ । सम्झौता नेपालको हितमा भएको भन्दै अनुमोदन सहयोगलाई जस्तोको त्यस्तै पारित नेकपाका नेता तथा सरकारलाई भेटेर अमेरिकी पक्षले आग्रह गर्न थालेको छ ।



अमेरिकी राजदूत बेरी नेकपाका विदेश विभाग प्रमुख माधव कुमार नेपालसँग भेटवार्ता गर्दै ।

एमसीसीको नेपाल सम्झौता अनुमोदन गराउन 'लविङ'कै लागि नेपाल आएका एमसीसीका सहायक उपाध्यक्ष जोनाथनले शुक्रबारदेखि एमसीसीका नेपालस्थित अधिकारीहरुसँगै नेकपाका नेताहरुसँग छलफल तीव्र पारेका छन् । यसअघि नेकपाका वरिष्ठ नेता माधवकुमार नेपाललाई नेपालस्थित अमेरिकी राजदूत र्‍याण्डी बेरीले भेटेर सम्झौतामा उल्लेख गरिएका प्रावधानले नेपालको सार्वभौमसत्तामा असर नपर्ने भन्दै त्यो अनुमोदनका लागि सहयोग गरिदिन आग्रह गरेका थिए ।

अमेरिकीहरुले प्रतिष्ठाको विषय बनाउँदै एमसीसी सम्झौतालाई जसरी पनि पास गराउने पक्षमा 'लविङ' तिव्र पारेको नेकपाकै नेताहरुले जनाएका छन् । एमसिसीलाई लिएर नेकपाभित्र सदस्यहरु विभाजित हुँदा नेकपा नेतृत्वले कार्यदल गठन गर्न बाध्य भएको अवस्थामा अमेरिकनले आफ्नो 'लविङ' तीव्र पारेका हुन् । नेकपा स्रोतका अनुसार एमसीसी पारित गराउन एमसीसीका सहायक उपाध्यक्ष जोनाथनले नेकपा कार्यदलका सदस्य परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाई भेट्ने कार्यक्रम समेत बनाएका छन् ।

यसअघि यही माघ ३ गते अमेरिकी दूतावासले नेपालमा हल्ला चलाइए जस्तो अमेरिकाको सैन्य रणनीतिसँग नजोडिएको भन्दै यो सम्झौताका १० महत्वपूर्ण बुँदा सार्वजनिक गरेर यो सम्झौता याथस्थितिमा पास गर्न हुन्न भन्नेहरुलाई आफ्नो अडान त्याग्न घुमाउरो सन्देश दिएको थियो । तर त्यसको करिब दुई सातापछि माघ १९ मा सम्पन्न नेकपाको केन्द्रीय कमिटी बैठकका अधिकांश सदस्यहरुले सम्झौतालाई लिएर आफूहरु स्पष्ट हुन नसकेको भन्दै स्पष्टताका लागि नेतृत्वसमक्ष माग गरेपछि १० दिनभित्र प्रतिवेदन बुझाउने जिम्मेवारीसहित कार्यदल गठन गरिएको थियो । कार्यदलले यही २९ गतेभित्र बाँकी पृष्ठ २ मा

# पाँच सांसद फौजदारी अभियोगमा

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ

संघीय संसद अन्तरगतको प्रतिनिधिसभाका ५ जना सांसद निलम्बित छन् । नीति निर्माण गर्ने कार्यका लागि जनताबाट चुनिएका प्रतिनिधिहरु यौन प्रकरण देखि हत्या सम्ममा मुछिएका छन् । स्थानीय तहदेखि संघसम्ममा करिब २ सय ५० भन्दा बढी जनप्रतिनिधि अपराध कर्ममा मुछिएको प्रहरीको तथ्यांकले देखाउँछ । जसमध्ये जनप्रतिनिधिहरुको सर्वोच्च निकाय मानिएको प्रतिनिधिसभाका ५ जना सांसद निलम्बिनमा पर्दा निर्वाचन क्षेत्रको बजेट सञ्चालनदेखि प्रतिनिधिसभाको कामकारवाहीमा असर परेको छ ।

पछिल्लो पटक कांग्रेस संसदीय दलका उपनेता विजय गच्छदारलाई ललिता निवासको जग्गा हिनामिना आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दर्ता गरेका छ । संसद् सचिवालयका अनुसार अहिलेसम्म नेकपाका १, कांग्रेसका २, समाजवादी पार्टी नेपालका १, राजपा १ सांसदको पद गुमेको छ । गच्छदार भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३३ अनुसार सांसदबाट माघ २२ देखि स्वतः निलम्बित भएको संसद् सचिवालयको सूचनामा जनाइएको छ । संसद सचिवालयका सहायक प्रवक्ता बाँकी पृष्ठ २ मा



## महराको अन्तिम सुनवाइ

**काठमाडौं/मस–** पूर्वसभामुख कृष्णबहादुर महराविरुद्ध लागेको जबरजस्ती करणी उद्योगसम्बन्धी मुद्दाको अन्तिम सुनुवाइ सुरु भएको छ । काठमाडौं जिल्ला अदालतमा मुख्य न्यायाधीश अम्बरराज पौडेलको इजलासमा मुद्दाको अन्तिम सुनुवाइ भइरहेको छ । आइतबार सरकारी वकिलका तर्फबाट चार जनाले बहस गरेका छन् । जिल्ला सरकारी वकिल कार्यालयका अुनसार चन्द्रकान्त खनाल, उमाकान्त पौडेलसहित अरु दुई जना महिला जिल्ला न्यायाधीवक्ताहरुले पीडितको तर्फबाट बहस सकेका छन् । अब महराका तर्फबाट सोमबारबाट बहस हुने जनाइएको छ । महराका तर्फबाट बहस सकिएपछि उनीविरुद्ध लागेको अभियोग पुष्टि हुने वा नहुने निर्णय अदालतले सुनाउने छ । उनीविरुद्ध जबरजस्ती करणी प्रयासमा पाँच वर्ष र सार्वजनिक पद धारण गरेर कसुरको प्रयास गरेको भन्दै थप साढे २ वर्ष गरी साढे ७ वर्ष कैद सजाय अभियोगपत्रमा माग गरिएको सरकारी वकिलको कार्यालयले जनाएको छ ।

तत्कालीन जिल्ला न्यायाधीश सुर्दशनराज पाण्डेको इजलासले महरालाई कात्तिक १८ गते पुर्पक्ष थुनामा पठाएको थियो । गएको असोज १२ गते संसद सचिवालयकै महिला कर्मचारी रोशनी शाहीको तीनकुनेस्थित कोठामा पुगेर महराले जबरजस्ती करणी प्रयास गरेको आरोप लागेपछि महराले असोज १४ गते सभामुख पदबाट राजीनामा दिएका बाँकी पृष्ठ २ मा

# प्रधानमन्त्रीको स्वास्थ्यमा समस्या

## सचिवालय स्थगित, कार्यक्रमबाट बाहिरिए

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ

प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यमा पुनः समस्या देखिएको छ । प्रधानमन्त्री ओलीको स्वास्थ्यमा समस्या देखिएपछि आइतबारका लागि बोलाइएको सचिवालय बैठक स्थगित गरिएको छ भने एउटा कार्यक्रम जम्मा सात मिनेट सम्बोधन गरी बाहिरिएका छन् । स्वास्थ्यमा समस्या देखिएपछि आइतबार राष्ट्रिय योजना आयोगको हलमा आयोजित राष्ट्रिय विकास समस्या समाधान समितिको कार्यक्रममा प्रधानमन्त्री ओली करिब सात मिनेट बोलेर बाहिरिएका हुन् । त्यस क्रममा उनले अहिलेको काम गराई र ढिलासुस्तीले विकास र सम्मृद्धिको लक्ष्य पुरा नहुने भन्दै जनताका आकांक्षा समेत सम्बोधन नहुने बताएका थिए ।

उनले काममा ढिलासुस्ती गर्ने प्रवृतिको अन्त्य गर्न निर्देशन समेत दिए । तर प्रधानमन्त्रीलाई स्वास्थ्यले साथ नदिएपछि आफ्नो भनाई छोट्याएका थिए । 'आज मैले स्वास्थ्यका कारण धेरै बोल्न सकिन । पुरा समय पनि बस्न सकिनँ । साथीहरुले राखेको प्रश्नको जवाफ उपप्रधानमन्त्री ईश्वर पोखरेलजीले दिनुहुन्छ', प्रधानमन्त्री ओलीको भनाई थियो ।

प्रधानमन्त्री ओली नियमित मृर्गौलाको डायलाइसिस गर्दै आएका छन् । ओलीको स्वास्थ्यकै कारण आइतबार पार्टीको सचिवालय बैठक स्थगित भएको छ भने आइतबारकै पुर्व निर्धारित कार्यक्रममा पनि उनी सहभागी भएनन् । प्रधानमन्त्री ओलीले सम्बोधन गर्ने भनिएको आइतबारको पूर्व निर्धारित कार्यक्रम 'सगरमाथा राष्ट्रिय संवाद'कार्यक्रममा पनि उनी सहभागी नभई उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेलले सम्बोधन गरेका थिए ।

प्रधानमन्त्री ओलीले शनिबार नियमित डायलासिस गराएका थिए । १२ वर्ष अगाडि प्रत्यारोपण गरिएको मिर्गौलाले काम नगरेपछि प्रधानमन्त्री ओली नियमित डायलासिस गराउँदै आएका छन् ।

## एशोशिएसनमा कार्यभार ग्रहण

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ माघ

नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोशिएसनको नयाँ कार्यसमितिले पद वहाली गरेको छ । नयाँ बानेश्वरमा रहेको एशोशिएसनको कार्य कक्षमा कार्यवाहक अध्यक्ष सुजित श्रेष्ठले नवनिर्वाचित अध्यक्ष नरेन्द्र प्रसाद ढकाल तथा महासचिव भवानी प्रसाद निरौलालाई निर्णय पुस्तिका हस्तान्तरण गर्दै एशोशिएसनको जिम्मेवारी सुम्पिए ।

शुक्रबार सम्पन्न तत्कालीन फोरमको दशौं साधारणसभापछि भएको निर्वाचनमा सात पदाधिकारी तथा दश सदस्य गरी १७ जनाको कार्यसमिति निर्वाचित भएको थियो । सोही साधारणसभाको बन्द सत्रले संस्थाको नाम पनि परिवर्तन गरेको हो । एशोशिएसनको पदाधिकारी तथा सदस्यको कार्यकाल दुईवर्षको हुने भएपनि निवर्तमान कार्यसमितिले ६ महिना अगाडि नै जिम्मेवारी हस्तान्तरण गरेको छ ।

पदवहालीका क्रममा आयोजित संक्षिप्त कार्यक्रमलाई संवोधन गर्दै नवनिर्वाचित अध्यक्ष ढकालले निर्वाचनबाट बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## नयाँ डीजीसँग संघको पुरानै माग



**काठमाडौं/मस–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारका क्षेत्रमा रहेका समस्या समाधान गर्न वैदेशिक रोजगार विभागका नवनियुक्त महानिर्देशक कुमार दाहालको ध्यानकर्षण गराएको छ । गत शुक्रबार देखि विभागको महादिर्नेशकको जिम्मेवारी सम्हालेका दाहाललाई कार्यकाल सफलताका लागि बधाई तथा शुभकामना व्यक्त गर्न संघ अध्यक्ष विष्णुप्रसाद गैरेको नेतृत्वमा व्यवसायीहरु आइतबार विभाग पुगेका थिए ।

व्यवसायीहरुले निवर्तमान महानिर्देशक समक्ष राखेको मागहरु नै नवनियुक्त महानिर्देशक दाहाल समक्ष राखेको जानकारी बाँकी पृष्ठ २ मा

हार्दिक बधाई तथा शुभकामना



नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसियशनको दशौं साधारणसभापछि भएको निर्वाचनबाट विजयी अध्यक्ष नरेन्द्र ढकाल, वरिष्ठ उपाध्यक्ष तारानाथ अर्याल, उपाध्यक्ष जनक खड्का (प्रकाश), महासचिव भवानि निरौला, सचिव कमल काफ्ले कोषाध्यक्ष कृष्ण कुमार जैशी तथा निर्विरोध निर्वाचित सहकोषाध्यक्ष अमिर बास्तोला एवं कार्यसमिति सदस्यहरु ईश्वर सापकोटा, नारायण गुभाल, तोरण कुमार कार्की, चन्द्र बहादुर लिम्बु, सेते लाल पौडेल, नरेन्द्र मणी पराजुली, विक्रम श्रेष्ठ, नगेन्द्र प्रसाद पोखरेल (नवीन), राजेश गौतम र राजेश यादव प्रति हार्दिक बधाई तथा कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछौ ।

हरिबहादुर पाण्डे क्षेत्री
अध्यक्ष
तथा
नेपाल वैदेशिक रोजगार व्यवसायी एकता समिति
परिवार
सामाखुसी, काठमाडौ

UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: EURO MECHANICAL AND ELECTRICAL CONTRACTING COMPANY LLC, UAE

पूर्व स्वीकृत मिति: २०७६/१०/२६ चलानी नं.: ६०१५१८३३ LT. No.: 232907

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब AED | मासिक तलब ने. रु. |
|---|---|---|---|---|---|
| 1. | Maintenance Mechanic Assistant | 30 | 0 | 1300 | ४०,३२५ |
| 2. | Factory Workers | 20 | 0 | 1000 | ३१,०२० |
| 3. | Sheet Metal Worker Assistant | 20 | 0 | 1300 | ४०,३२५ |
| 4. | Electrician Assistant | 20 | 0 | 1300 | ४०,३२५ |
| 5. | Gas Turbine Operator | 10 | 0 | 1300 | ४०,३२५ |
| 6. | Cleaner | 3 | 0 | 1000 | ३१,०२० |
| 7. | Metal Structure Assistant Rigger | 10 | 0 | 1200 | ३७,२२५ |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ ।

SHARON MANPOWER SERVICES PVT. LTD.
P.O. Box : 10443, Prayag Marga, Baneshwor-9, Kathmandu
Phone : 4481505, 4481905, 4481957
Mob.: 9828043633, 9828043634, 9828043635, 9828043636, 9828043637, 9828043638, 9828043774, 9818550101, 9818925693, 9802698026
E-mail : sharonhrsolution@gmail.com, sharonmanpower2@gmail.com

UAE मा रोजगारको अवसर

कम्पनी: TRANSGUARD GROUP LLC शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/०९/२० चलानी नं.: ६०१९९५६७ LT. No.: 230251

| सि.नं. | कामदारको पद | माग संख्या (पुरुष) | माग संख्या (महिला) | मासिक तलब AED | मासिक तलब ने. रु. |
|---|---|---|---|---|---|
| 1. | Security Guard-dps | 50 | 0 | 2267 | ७०,३२० |
| 2. | Security Guard (Psbd) | 50 | 0 | 2000 | ६२,०८० |
| 3. | Cargo Loader / Porter | 50 | 0 | 1000 | ३१,०२० |
| 4. | Airport Loader/porter | 50 | 0 | 1025 | ३१,७९५ |

अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट मेनपावर कार्यालय, सामाखुसी, काठमाडौमा फागुन ३ देखि १७ गतेसम्म (15 to 29 Feb. 2020) मा हुनेछ ।

Forever Human Resource solution Pvt. Ltd
Tokha Road, Samakhusi-10, Kathmandu, Tel: 4353298, 4354685
Mob.: 9851188173, 9851001003, 9803923303, 9849170225, 9803249332
9810023016, 9849225639, 9866668811, 9818500630

# सरकारी जग्गा अतिक्रमण

**केदार मगर/रासस**
खोटाङ, २६ माघ

जिल्लाका विभिन्न धार्मिक तथा पर्यटकीयस्थल र सरकारी जग्गाहरु स्थानीयवासीको अतिक्रमणको चपेटामा परेको पाइएको छ। विश्व प्रसिद्ध हलेसी (हलेश्वर महादेव), बराहपोखरीको (शङ्खेश्वरी महादेव), बुद्धेश्वर महादेव, रुपाकोट, मझुवागढीलगायत धार्मिक तथा पर्यटकीयस्थल र सरकारी जग्गा स्थानीयवासीले अतिक्रमण गरेको पाइएको हो।



हलेश्वर महादेवको नाममा रहेको हलेसी तुवाचुङ नगरपालिकाको हलेसी, माल्कु, गैरीगुठ, डाँडागुठलगायतको जग्गा स्थानीयवासीले कब्जा जमाएपछि गुरुयोजना निर्माणमा अवरोध भएको नगरप्रमुख इवन राईले बताए। 'स्थानीयवासीले जग्गा कब्जा गरेपछि हलेसीको बृहत्तर विकासमा समस्या आएको छ,' उनले भने, 'हलेसीको बृहत् गुरुयोजनामा हलेसी गुफा आसपासका २०० मिटर वरिपरिको जग्गा आवश्यक पर्छ। स्थानीयको अवरोधका कारण गुरुयोजना निर्माणमा अवरोध भएको छ।'

हलेसी विकास समितिका निर्देशक समरबहादुर भुजेलका अनुसार २०४४ सालमा तत्कालीन राजा वीरेन्द्रको भ्रमणका बेला गुरुयोजना बनाएर निश्चित क्षेत्रभित्र भएका विभिन्न आठ वटा घर तथा घडेरीलाई मुआब्जा दिइएको थियो। यद्यपि, जग्गाको मुआब्जा लिएर पनि स्थानीयवासीले अहिलेसम्म घरजग्गा खाली गरेका छैनन्।

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने बराहपोखरी गाउँपालिकाको बराहताल (शङ्खेश्वरी महादेव)को नाममा भएको जग्गा पनि स्थानीयको अतिक्रमणमा परेको छ। स्थानीयवासीले जग्गा अतिक्रमण गरेर घरटहरा निर्माण गरेपछि धार्मिक तथा पर्यटकीयस्थल बराहतालको विकासमा स्थानीय बाधक बनेका छन्।

स्थानीयवासीले बराहतालको नाममाको जग्गा कब्जा गरेर बसोबास गर्नाले बराहतालको चौतर्फी विकास गर्न निर्माण गरिएको बृहत् गुरुयोजना कार्यान्वयनमा समस्या बनेको बराहपोखरी गाउँपालिकाका उपप्रमुख गोमा मगरले बताए। 'बराहताल वरिपरि शङ्खेश्वरी गुठी तथा सार्वजनिक जग्गा मिचेर २४ वटा घर-टहरा बनाएका छन्,' उनले भने, 'अतिक्रमित जग्गामा निर्माण गरिएका घर-टहरा हटाउन छ महिने, तीन महिने, एक महिने, १५ दिने र सात दिने सूचना जारी गरिसक्दासमेत स्थानीयवासीले अटेर गरेपछि थप समस्या भएको छ।'

स्थानीयवासीले आफ्नो नाममा दर्ता गरेको करिब ५५ रोपनी जग्गा मालपोत कार्यालय खोटाङले विसं २०४७ सालमै फिर्ता गर्न फैसला गरेर आदेश दिए पनि अझै फिर्ता नगरेको बराहपोखरी पर्यटन विकास समितिका अध्यक्ष देवीप्रसाद रेग्मीले बताए। बृहत् गुरुयोजनामा बराहताल आसपासमा मन्दिर, विभिन्न जातजातिको सङ्ग्रहालय, बसपार्क, बृद्धाश्रम, कुटी, जाग्रामस्थललगायतका विभिन्न भौतिक संरचना निर्माणमा समस्या आएको जनाइएको छ।

यस्तै, दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको पर्यापर्यटनको केन्द्र रुपाकोटको जग्गा पनि स्थानीयले अतिक्रमण गरेका छन्। बाह्रै महिना आन्तरिक तथा बाह्य पर्यटकको घुइँचो लाग्ने रुपाकोटको जग्गा अतिक्रमण भएको थाहा पाएपछि त्यसबारे अख्तियारमा उजुरीसमेत परेको छ। वडा नम्बर १ का लेखनाथ आचार्य र गोविन्दराज आचार्यको नाममा पानीको मुहानसहित करिब ८० रोपनीभन्दा बढी जग्गा दर्ता गरेको खुलासा भएपछि अख्तियारमा उजुरी परेको हो। जिल्लाको प्रमुख व्यापारिक केन्द्र दिक्तेलबजार नजिक पर्ने धार्मिक तथा पर्यटकीयस्थल मझुवागढी क्षेत्रमा पर्ने बुद्धेश्वर गुफा, कालिका भगवती मन्दिर आसपासको जग्गा पनि व्यक्तिको नाममा दर्ता भएको पाइएको छ। मझुवागढीको नाममा रहेको जग्गा पनि अतिक्रमण भएको थाहा पाएपछि अख्तियारमा उजुरी परेको दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख दीपनारायण रिजालले बताए।

मझुवागढी क्षेत्रमा बुद्धेश्वर महादेव गुठीको नाममा (कित्ता नं १०२) १० रोपनी चार आना तीन पैसा तीन दाम र देवीस्थान सामुदायिक वनको नाममा २६९ रोपनी चार आना दुई दाम एक पैसा देखिन्छ। नगरपालिकाको प्राविधिक टोलीको प्रतिवेदनअनुसार सशस्त्र प्रहरी बल हलेसी गुल्मको नाममा पनि थुप्रै जग्गा देखिन्छ।

# एसइई नतिजा सुधार कार्यक्रम सञ्चालन

**भिमरुक/मस-** प्रदेश नं ५ सरकार सामाजिक विकास मन्त्रालयले एसइई दिने विद्यार्थीको पढाइलाई दृष्टिगत गर्दै सामुदायिक विद्यालयमा गणित र विज्ञान विषयको नतिजा सुधार कार्यक्रम सञ्चालन गरेको छ। प्रदेश सरकारले अघिल्लो शैक्षिक सत्रमा एसइई दिएका विद्यार्थीको नतिजा बिग्रिएपछि यो कार्यक्रम लागू गरेको हो।



गणित र विज्ञान विषयमा डी र ई ग्रेड लिएपछि नतिजा सुधार गर्ने योजनासहित प्यूठानमा पनि यो कार्यक्रम शुरु भएको हो। प्यूठानमा यही माघ ५ गतेदेखि यो कार्यक्रम शुरु भएको सामाजिक विकास डिभिजन कार्यालय प्यूठानका कार्यालय प्रमुख विष्णुप्रसाद भुसालले जानकारी दिए। जिल्लाका १० कक्षामा अध्ययनरत २० देखि माथि विद्यार्थी रहेका विद्यालयमा यो कार्यक्रम छनोट भएको छ।

कार्यक्रममार्फत जिल्लाका ७२ विद्यालयमा गणित र ३७ विद्यालयमा विज्ञान विषयमा थप कक्षा सञ्चालन भएको हो। दिनमा डेढ घण्टा एउटा विषयको गरी दैनिक तीन घण्टा पढाइ हुने कार्यालय प्रमुख भुसालले बताए।

प्रदेश सरकार सामाजिक विकास मन्त्रालयले २० देखि ४९ सम्मका विद्यार्थी भएका विद्यालयलाई २० हजार, ५० देखि ९९ सम्म विद्यार्थी भएकालाई २८ हजार, १०० देखि १९९ विद्यार्थी सङ्ख्या भएको विद्यालयलाई ३८ हजार र २०० भन्दा माथि विद्यार्थी सङ्ख्या भएको विद्यालयलाई रु ५४ हजार दिनेछ। मन्त्रालयमार्फत ५२ दिन पढाइ हुनेछ।

एसइई परीक्षा नजिकिएसँगै प्रदेश सरकारले यो कार्यक्रम सञ्चालन गरेको कार्यालय प्रमुख भुसालले बताए। 'अघिल्लो वर्ष गणित र विज्ञान विषयमा डी र ई ग्रेट ल्याएका विद्यार्थीले माथिल्लो कक्षा पढन समस्या भएपछि नतिजा सुधारका लागि यो कार्यक्रम ल्याएका हौं,' उनले भने, 'यसले पढाइलाई सुधार गर्न र ग्रेड वृद्धि गर्न सहज बनाउनेछ।'

नतिजा सुधार कार्यक्रममार्फत दुई विषयको थप कक्षा पढेका विद्यार्थीले डी प्लससम्म ग्रेड ल्याउन कार्यालयले शिक्षकलाई आग्रह गरेको छ। यससँगै विद्यार्थीले माथिल्लो कक्षा सहज रुपमा पढ्न पाउने छन्। थप कक्षा पढाउनका लागि आर्थिक अवस्था कमजोर भएका विद्यार्थीलाई समेत यो कार्यक्रमले थप टेवा पुऱ्याउने विश्वास लिएको कार्यालयले जनाएको छ।

त्यस्तै रोल्पाका सामुदायिक विद्यालयमा पनि यो कार्यक्रम सञ्चालन भएको छ। जिल्लाका ६१ विद्यालयमा गणित र ५२ विद्यालयमा विज्ञान विषय पढाइ भएको कार्यालय प्रमुख भुसालले जानकारी दिए।

# 'विधेयक राम्रो बनेर मात्र हुँदैन कार्यान्वयन पनि राम्रो हुनुपर्छ'

**हेटौंडा/मस-** वाग्मती प्रदेशका सभामुख सानुकुमार श्रेष्ठले सरकारले निर्माण गरेका विधेयक जतिसुकै राम्रो भए पनि कार्यान्वयन पक्ष फितलो भयो भने विधेयकको उद्देश्य प्राप्त नहुने बताएका छन्।



प्रदेशको प्रदेशसभा प्रदेश मामिला समितिको आयोजनामा आइतबार प्रदेशभित्र सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकको सम्बन्धमा अन्तर्क्रिया कार्यक्रममा सभामुख श्रेष्ठले प्रस्तुत विधेयक राम्रो भएको बताए।

सभामुख श्रेष्ठले कानून निर्माणकै चरणमा भएकाले विधेयकमाथि व्यापकरूपमा छलफल गर्न आग्रह गर्दै सङ्घबाट बनेका विधेयक पनि संशोधन हुन जरुरी रहेको बताए। 'हामीले तल्लो तहमा बसेर काम गरिरहने तर सङ्घले तिनको कार्यान्वयनमा अवरोध गर्ने विधेयक संशोधन नगर्ने हो भने हामीले बनाएका विधेयकको काम हुन्न,' उनले भने।

कार्यक्रममा प्रदेश मामिला समितिका सभापति माधवप्रसाद पौडेलले प्रस्तुत विधेयक प्रदेशको अहिलेसम्मको महत्वपूर्ण विधेयक भएको बताउँदै विधयकलाई संसद्मा कुन रूपमा प्रस्तुत गर्ने भन्ने विषयमा छलफल गर्न आवश्यक देखिएकाले अन्तरक्रिया गरिएको बताए।

# जापान पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारमा जापान पठाईदिने भन्दै ठगी गरेका अजय तामाङलाई प्रहरीले पक्राउ गरेको छ। तामाङका सम्वन्धमा वैदेशिक रोजगार न्यायाधिकरणले ३ वटा ठगी मुद्दामा ४ वर्ष ६ महिना कैद र ४ लाख ५० हजार रुपैयाँ जरिवाना हुने ठहर गरेको थियो।



त्यस लगत्तै देखि फरार रहेका तामाङलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्युरोले पक्राउ गरेको हो। वैदेशिक रोजगार ठगी मुद्दामा अदालतबाट कसूरदार ठहर भएपछि पनि सजायबाट बच्ने उद्देश्यले लुकीछिपी हिँडेका तामाङलाई शुक्रबार कोटेश्वरबाट पक्राउ गरेको व्युरोले जानकारी दिएको छ।

भक्तपुर सूर्यविनायक नगरपालिका ७ घर भई गोप्य रुपमा काठमाडौंको रानीवारी बस्दै आएका तामाङले आकर्षक वैदेशिक रोजगारको लागि जापान पठाई दिने भनी विभिन्न व्यक्तिबाट लाखौं रुपैयाँ लिई ठगी गरेका थिए। उनलाई कारागार कार्यालय डिल्लीबजार पठाइएको व्युरोले जनाएको छ।

## पाँच...

एवं सूचना अधिकारी दशरथ धमलाले अहिलेसम्म सत्तापक्ष र प्रतिपक्षका गरी ५ जना सांसद विभिन्न अभियोगपछि संसद् नियमावलीअनुसार निलम्बन भएको जानकारी दिए। प्रतिनिधिसभामा कुन २ सय ७५ सांसद रहने व्यवस्था छ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसबाट विजयकुमार गच्छदार र मोहम्मद अफताब आलम निलम्बनमा परेका छन्। कांग्रेस संसदीय दलका उपनेता एवं पूर्वउपप्रधानमन्त्री रहेका गच्छदार सुनसरी क्षेत्र नं ३ बाट निर्वाचित हुँदै आएका छन्। गच्छदार ललिता निवासको जग्गा अनिमितताको प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेपछि माघ २२ गते स्वतः निलम्बनमा परेका हुन्। यसैगरी, कांग्रेसकै सांसद आलम रौतहट क्षेत्र नं २ बाट निर्वाचित हुन्। उनी हत्या आरोपमा २०७६ असोज २७ गते निलम्बनमा परेका हुन्। पहिलो संविधानसभा निर्वाचनको अघिल्लो दिन रौतहत राजपुरमा भएको बम बिस्फोटमा जिउँदै मानिसलाई चिम्नी भट्टामा हालेर मारेको आरोपमा आलम पूर्पक्षका लागि थुनामा छन्।

यसैगरी, सत्तारुढ दल नेकपाका सांसद एवं पूर्वसभामुख कृष्णबहादुर महरा पनि निलम्बनमा परेका छन्। महरा दाङ क्षेत्र नं. २, बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचत हुन्। महरा संसद् सचिवालयकी कर्मचारीलाई यौन दुर्व्यवहारको आरोपमा २०७६ असोज २३ गते निलम्बनमा परेका हुन्। यता राष्ट्रिय जनता पार्टी (राजपा) नेपालका सांसद रेशमलाल चौधरी पनि निलम्बनमा छन्। चौधरी कैलाली १ बाट निर्वाचित सांसद हुन्। चौधरी व्यक्ति हत्या आरोपमा जेल जीवन बिताइरहेका छन्। संविधान सभाबाट संविधान जारी हुनुअघि थरूहट आन्दोलनक्रममा २०७२ भदौ ७ गते कैलालीको टीकापुरमा भएको प्रदर्शनक्रममा एसएसपीसहित नौ जनाको हत्या भएको घटनामा जिल्ला अदालत कैलालीले उनलाई जन्मकैदको सजाय सुनाएको छ। उनी डिल्लीबजार कारागारमा रहेका छन्।

त्यसैगरी, सांसद हरिनारायण रौनियार पनि निलम्बित छन्। समाजवादी पार्टीबाट पर्सा ३ मा चुनाव जितेका रौनियार आफ्नै पप्पु कन्स्ट्रक्सन कालोसूचीमा परेपछि २०७५ असोज १९ मा निलम्बनमा परेका हुन्। २०७५ असोज १९ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बर्दियाको जब्दिघाटको बबई पुल निर्माणमा गुणस्तर कायम नगरी भ्रष्टचार गरेको भन्ने विषयमा विशेष अदालत काठमाडौंमा मुद्दा दर्ता गरेको थियो। संसद सचिवालयका सहायक प्रवक्ता धमलाका अनुसार सांसदहरु निलम्बनमा पर्दा संसदको कामकारवाही पनि प्रभावित हुने गरेको छ।

## महराको ...

थिए। पीडित भनिएकी शाहीले बानेश्वरस्थित प्रहरी वृत्तमा जाहेरी दिएपछि उनलाई प्रहरीले असोज १९ गते सभामुख निवासबाट पक्राउ गरेको थियो। जिल्ला अदालतको पुर्पक्ष थुनामा पठाउने आदेशविरुद्ध महराले उच्च अदालत पाटनमा पुनरावेदन दिएपछि जिल्लाकै आदेश सदर गरेको थियो।

## अमेरिकी...

आफ्नो प्रतिवेदन नेकपा केन्द्रीय सदस्यलाई बुझाउनु पर्नेछ। तर, नेकपाका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले यो बीचमा पोखरा पुगेर कार्यदलले प्रतिवेदनमा जे ल्यायो त्यो मान्य नहुने प्रतिक्रिया दिएका छन् भने त्यसको केही दिनपछि शनिबार काठमाडौंमै सम्झौताबारे बुझेर या स्पष्ट भएर मात्रै यो सम्झौता अनुमोदन हुने प्रतिक्रिया दिएका थिए। नेपाली कांग्रेसका सभापति शेरबहादुर नेतृत्वको सरकारले २०७४ सालमा पाँच वर्षमा लागू गर्ने सर्तसहित उक्त सम्झौतामा हस्ताक्षर गरेको थियो।

## एशोशिएसनमा...

छानिएको नेतृत्व जित हारको परिणाम नभई निर्विरोध नहुँदा अपनाइएको प्रक्रियाको परिणाम भन्दै आफु निर्वाचनमा उम्मेद्वार बनेका प्रतिश्पर्धी देखि साधारण सदस्य सबैलाई समान संरक्षण दिएर अघि बढ्ने योजनामा रहेको बताए।

उनले भने, 'प्रतिश्पर्धा सामान्य प्रजातान्त्रिक अभ्यास हो, जित्ने ठूलो र हार्ने सानो भन्ने दुरी नराखी काम गर्नेछु। वैदेशिक रोजगार व्यवसायमाथि देखिएका समस्या समाधान गर्न प्रगतिशिल वैदेशिक रोजगार व्यवसायी मञ्च नेपाल र वैदेशिक रोजगार गणतान्त्रिक व्यवसायी मञ्च तथा अन्य जातीय तथा भेगीय संघसस्थाहरुसँग छलफल चलाएर नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नेतृत्वलाई सहयोग गर्ने छौं। समस्या समाधनमा हातेमालो गर्न एशोशिएसनको नेतृत्व सधैं तयार रहने छ।'

एशोशिएसनको नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा शुभकामना व्यक्त गर्दै नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष विष्णुप्रसाद गैरेले नयाँ नेतृत्वले निर्वाचनमा पराजित भएका देखि अन्य घटक संस्थाहरुसँग तत्काल छलफल चलाउनुपर्ने सुझाव दिए। वैदेशिक रोजगार क्षेत्रमा रहेका समस्या सभाधान गर्न संघको वर्तमान नेतृत्व एशोशिएसन कार्यसमितिसँग सहकार्य गर्न तयार रहेको भन्दै अध्यक्ष गैरेले त्यसका लागि संघ तथा एशोशिएसन कार्यसमितिबाट एउटा संयुक्त कार्यदल गठन गर्ने सोच समेत बनाएको बताए।

एशोशिएसनका पूर्व अध्यक्ष समेत रहेका संघ अध्यक्ष गैरेले कार्यवाहक अध्यक्षको हैसियतमा निवर्तमान कार्यवाहक अध्यक्ष सुजित श्रेष्ठले एशोशिएसनको एकता र प्रभावकारीताका लागि पूरा गरेको जिम्मेवारीको उच्च मुल्यांकन हुनुपर्ने भन्दै श्रेष्ठलाई एशोशिएसनको पूर्ण अध्यक्षकै हैसियतको व्यवहार गरी एशोशिएसनको कार्यालयमा पूर्व अध्यक्षहरुकै हैसियतमा श्रेष्ठको पनि तस्वीर राख्न सल्लाह दिए।

एशोशिएसनका पूर्व अध्यक्ष समेत रहेका संघका पूर्व अध्यक्ष विमल प्रसाद ढकालले तत्कालीन राजा ज्ञानेन्द्रको निरंकुश शासन र माओवादी हिंसाको उत्कर्षका बीचबाट नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोशिएसनको जन्म भएको भन्दै संस्थाको गरिमा उचो हुने गरी काम गर्न नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई सुझाव दिए। एशोशिएसन नेपाली कांग्रेसको आदर्श, नीति सिद्धान्त र कार्यक्रम अनुसार चल्ने संस्था भएकोले व्यवसायीहरुले संस्थालाई उसको घोषित उद्देश्यबाट तलमाथि तान्ने प्रयास गर्न नहुने भन्दै पूर्व अध्यक्ष ढकालले वैदेशिक रोजगार क्षेत्रका सुधारका लागि छाता संस्था संघ मार्फत नै अघि बढ्नुपर्ने भएकाले समस्याको समाधनका लागि फोरमले संघलाई सघाउनु पर्ने सुझाव दिए।

उनले भने, 'संघको नेतृत्वले वैदेशिक रोजगार व्यवसायीहरुका सामूहिक समस्या समाधान गर्ने उद्देश्यले काम गरिरहेको छ। प्रयास गरिरहेको हुन्छ। तर एशोशिएसनको विगतका कतिपय नेतृत्वले वैदेशिक रोजगार व्यवसायीका समस्या समाधान गर्ने जिम्मा लिएको जस्तो गरी प्रस्तुत गरेको अनुभुति छ, नवनिर्वाचित कार्यसमितिले त्यो गल्ती गर्नु हुँदैन। चुस्त संगठन बनाएर संघमा जित्ने र संघको नेतृत्वलाई सहयोग गर्नु पर्छ।'

एशोशिएसनका अर्का पूर्व अध्यक्ष प्रज्ञान न्यौपानेले विगतमा एशोशिएसनका भित्रका सामान्य मत भिन्नतालाई पनि छताछुल्ला हुने गरी सडकमा लैजाने प्रयास भएको भन्दै नयाँ कार्यसमितिले फोरमभित्रका आपसी असमझदारीहरु आफैभित्र राखी समाधान गर्न सक्नुपर्ने सुझाव दिए। वैदेशिक रोजगार क्षेत्रमा नेपाली कांग्रेसको सिद्धान्तमा आस्थावान धेरै व्यवसायी भएपनि विगतमा कार्यसमितिको व्यवहार र अक्षमताका कारण उनीहरु समेटिन नसकेको भन्दै पूर्व अध्यक्ष न्यौपानेले वर्तमान कार्यसमितिले एशोशिएसनमा न्यूनतम पनि ४ सय ५० सदस्य बनाउन सक्नुपर्ने जिकिर गरे।

नवनिर्वाचित महासचिव भवानी प्रसाद निरौलाले नेतृत्वले निर्वाचनमा प्रतिश्पर्धा गरेका प्रजातान्त्रिक विचारधारा बोक्ने सबै व्यवसायीहरुलाई समेट्ने प्रयासमा रहेको जानकारी दिए। संस्थाका पूर्व पदाधिकारी तथा सल्लाहकारहरुले निर्वाचित नयाँ कार्यसमितिलाई निरन्तर सुझाव सल्लाह दिनुपर्ने भन्दै महासचिव निरौलाले निर्वाचनमा उम्मेद्वार बनेको वा प्रतिश्पर्धा गरेको कारण कसैलाई बाहिर-भित्र नगर्ने प्रतिवद्धता जनाए। नवनिर्वाचित कार्यसमितिलाई संस्थाका संस्थापक सदस्य राजकुमार कार्कीले निर्वाचित पदाधिकारी तथा सदस्यले शुरुमा अतिउत्साह देखाउने तर जिम्मेवारी पुरा गर्ने बेलामा पछि हट्ने वा वैठकमा समेत अनुपस्थित हुन जाँगर नदेखाउने प्रवृति रहेकाले नवनिर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुले निरन्तर रुपमा काम गर्ने प्रतिवद्धता देखाउनुपर्ने धारणा राखे।

## नयाँ...

दिँदै संघका महासचिव सुजित श्रेष्ठले महानिर्देशक वैदेशिक रोजगार क्षेत्रमा रहेका सेवा शुल्क लगायतका समस्या प्रति संवेदनशील रहेको आफुहरुले अनुभुत गरेको बताए। महासचिव श्रेष्ठले महानिर्देशक समक्ष वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली मार्फत काम गर्दा उत्पन्न झन्झट समाधान गर्ने विषयमा पनि छलफल भएको जानकारी दिए।

SAUDI मा रोजगार | १. कम्पनी : ABDULRAHMAN O.M. AL-OTHMAN & PARTNER LIBILITY CO शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७६/१०/२६ चलानी नं.: ६०१५१४५१ LT. No.: 232762

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : OTHMAN H AL GHAMDI & SONS CO. शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७६/१०/२६ चलानी नं.: ६०१५१४५३ LT. No.: 232761

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Worker | 6 | 0 | स. काममा दक्ष | 1100 | ३३,४१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : FAST COFFEE BEVERAGE EST. शहर: DAMMAM
पूर्व स्वीकृत मितिः २०७६/१०/२६ चलानी नं.: ६०१५१४५२ LT. No.: 232763

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee And Tea Maker | 1 | 0 | स. काममा दक्ष | 1200 | ३६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३ को रु. १०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नंः हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

SUGAM OVERSEAS PVT. LTD. Exclusive Human Resource Company
सुगम ओभरसिज प्रा. लि.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङ्गरोड), काठमाडौं, नेपाल, फोनः ४३८६१०६, ४३८७१८३
मोः ९८४१५९६५१३, ९८१३४९२७५५, ९८५१०४८६०५
Email: info.sugam@gmail.com | Web: www.sugamoverseas.cm

मलेशियामा रोजगार
1. LEADER STEEL SDN. BDH.
पुर्व स्विकृति मितिः २०७६।९।२३ चलानी नं. ६०१४९८०८ LT No.: 230637

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKER | 16 | 1100 | 30718 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

2. KAYANGAN MUTIARA SDN BHD
पुर्व स्विकृति मितिः २०७६।९।२३ चलानी नं. ६०१४९८२३ LT No.: 230639

| सि. नं. | कामदारको पद | माग संख्या | मासिक तलब RM | मासिक तलब ने.रू | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTORY WORKER | 6 | 1100 | 30718 | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०७६ फागुन ५ गते (17 Feb. 2020) हुनेछ।

सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्नेः निःशुल्क
वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सो को १ प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला।

तुलसी इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा. लि.
बसुन्धारा, काठमाडौं, श्रम इजाजत पत्र नं. : १५०९/७४/७५, फोन नं.: ४३६५०७५

# संसद् अवरोध कायमै



**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले प्रतिनिधिसभाको बैठक तेस्रो दिन पनि अवरोध गरेको छ । ललिता निवास प्रकरणमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको छानविन प्रक्रिया गलत भएकोले संसद् बैठक अवरुद्ध गरेको कांग्रेसको भनाइ छ ।

आइतबार दिउँसो १ बजेका लागि बोलाइएको बैठक शुरु भएलगत्तै कांग्रेसका सांसद्हरुले आफ्नो ठाउँबाट उठेर बैठक अवरोध गरेका थिए । सांसद्हरुले उभिएर अवरोध गरेपछि सभामुख अग्नि सापकोटाले सांसद्हरुलाई बस्न पटक पटक आग्रह गरेका थिए । सभामुख सापकोटाले आइतबार समेत गरी तीनपटकसम्म बैठक अवरुद्ध भएको बताउँदै बैठकलाई जीवन्त र चलायमान बनाउने सबैको उद्देश्य हुनुपर्ने भन्दै बैठक सुचारु गर्न सहयोगका लागि कांग्रेसलाई आग्रह गरे । संवैधानिक निकायले गरेको निर्णयमा प्रतिनिधिसभाले केही गर्न नसक्ने भन्दै सभामुख सापकोटाले यो विषय अदालतमा गएकाले संसद्बाट केही गर्न नसकिने पनि बताए ।

सामान्यतयाः संसद् बैठक बस्नु अघि सभामुखको अध्यक्षतामा बस्ने कार्यव्यवस्था परामर्श समितिमा बैठक अवरुद्ध गर्ने/नगर्ने भन्ने जानकारी गराइन्छ । त्यस्तै बैठकमा कसलाई बोल्न दिने भन्ने विषयमा समेत समझदारी हुन्छ । तर, आइतबारको बैठकमा त्यस्तो कुनै समझदारी बनेन र जानकारी पनि गराइएन । त्यसकारण आइतबारको बैठकमा कांग्रेस सांसद् दिलेन्द्रप्रसाद बडुले बोल्न खोज्दा पनि सभामुखले माइक खोलेनन् । बालुवाटार स्थित ललिता निवास प्रकरणमा अख्तियारले भेदभावपूर्ण निर्णय गरेकोले बैठक चल्न नदिएको कांग्रेस सांसद्को भनाइ छ ।

आइतबार संसद् भवन बाहिर पत्रकारहरुसँग कुरा गर्दै कांग्रेस सांसद बडुले किन छानविन गरियो भनेर नभई छानविनको प्रक्रिया गलत भएको भनेर विरोध गरिएको बताए । संसद्मा छलफल गरेर टुंगिने विषय नभएको आफुहरुलाई थाहा भएपनि अदालतमा मुद्दा पुऱ्याउने प्रक्रिया निष्पक्ष र कानूनसम्मत नभएको उनले बताए । कानून सबैलाई समान हुने भएपनि एउटै कानूनलाई फरक फरक ढंगले व्याख्या गरेर मुद्दा अगाडि बढाउने विषय आपत्तिजनक भएको उनले बताए ।

सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) संसदीय दलका उपनेता सुवासचन्द्र नेम्वाङले लगातार तीन पटक कांग्रेसले संसद् अवरुद्ध गरेपनि अरुबेला जस्तो सरकारसँग कुनै माग नै नराखेको बताए । संवैधानिक अंगले दायर गरेको मुद्दामा सत्तापक्ष कहीँ पनि नजोडिएको बताउँदे नेम्वाङले भने, 'कहाँ सहयोग गर्नुपऱ्यो हामीले भनिरहेका छौं । तर त्यो कुरा आएको छैन । अख्तियारले एकतर्फी मुद्दा दायर गरेको देखिँदैन । संवैधानिक अंगले चलाएको मुद्दामा सत्तापक्ष वा अर्को पक्ष भन्ने हुँदैन । अदालतमा प्रवेश गरेको मुद्दामा संसद्मा प्रश्न समेत गर्न पाइँदैन ।'

राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) का सांसद लक्ष्मणलाल कर्णले अख्तियारले भेदभावपूर्ण रुपमा निर्णय गरेको भन्दै लगातार संसद् बैठक अवरुद्ध हुनु राम्रो नभएको बताए । उनले यस विषयलाई गम्भिरतापूर्वक छलफल गरेर टुंगो लगाउनुपर्ने बताए ।

प्रमुख प्रतिपक्षी दलले अवरुद्ध गरिरहेको बेला बैठकको कारवाही अगाडि बढाउनु उपयुक्त नहुने भन्दै सभामुख सापकोटाले प्रतिनिधिसभाको बैठक मंगलबार एक बजेसम्मका लागि स्थगित गरेका थिए ।

## तरुण दलको प्रदर्शन

**काठमाडौं/मस-** प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रसको भ्रातृ संगठन तरुण दलले आइतबार पनि काठमाडौंको माइतीघर मण्डलादेखि बानेश्वरसम्म विरोध प्रदर्शन गरेको छ । ललिता निवास प्रकरणमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले भ्रष्टाचारको नाममा दोषीलाई उन्मुक्ति र निर्दोषलाई कारबाही गरेको भन्दै उसले प्रदर्शन गरेको हो ।

आयोग सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टीको भ्रातृ संगठन भएको आरोप लगाएका छन् । तरुण दलको विरोधमा बोल्ने भ्रातृ संस्थाका नेताहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोग सत्तारुढ दलको भ्रातृ संस्था भएको आरोप लगाए ।

नेपाल महिला संघकी अध्यक्ष उमा रेग्मीले पार्टी उपसभापति गच्छदारको बचाउमा आफ्नो पार्टी नलागेको दाबी गरिन् । नेतृ रेग्मीले नेकपाको केन्द्रीय कमिटी बैठकमा चलेको बहसको समेत विरोध गरिन् । निर्वाचन प्रणालीले भ्रष्टचार समेत बढेको भन्दै केन्द्रीय कमिटी बैठकमा प्रणाली सुधारको मत आएका थिए । नेकपा केन्द्रीय कमिटीमा भएको बैठकमा उठेको विषयप्रति उनले आपत्ति जनाइन् ।

उनीहरुले 'नेपाल, पौडेल ओलीका यार, गच्छदार फसाउन लाग्यो अख्तियार, दुई तिहाईको दम्भ देखियो, न्यायको घाँटी रेटियो, विभेद गर्न पाइँदैन, कठपुतली अख्तियार चाहिँदैन, कठै अख्तियार, नेकपासामु लम्पसार' जस्ता नारा लगाएका थिए ।

माइतीघबाट सुरु भएको विरोध र्‍याली नयाँबानेश्वरसम्म पुगेको थियो । यसैगरी तरुण दलले देशैभरका जिल्ला सदरमुकाममा पनि विरोध प्रदर्शन गरेको छ । कांग्रेसको निर्देशनमा उसको भ्रातृ संस्थाहरु अख्तियारको कदमविरुद्ध सडकमा उत्रिएका हुन् ।

# २० हजार बढी ट्राफिक कारबाहीमा



**काठमाडौं/मस-** महानगरीय ट्राफिक प्रहरी महाशाखाले चालु आर्थिक वर्ष २०७६/०७७ को ६ महिनामा ट्राफिक नियम उल्लंघन गर्ने २० हजार ४ सय ३३ जनालाई कारबाही गरेको जनाएको छ । महाशाखाले आइतबार पत्रकार सम्मेलन गरी साउन यता २० हजार ४ सय ३३ जना सवारी चालकहरुलाई कारबाही गरेको जनाएको हो ।

महानगरिय ट्राफिक प्रहरी महाशाखा प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक भीम प्रसाद ढकालले जथाभावी पार्किङ गर्ने, सवारी मोड्ने, ढोका खुला राख्ने, एकतर्फी बाटोमा सवारी प्रवेश गराउने, हर्न बजाउने, लेन अनुशासन पालन नगर्ने लायतका सवारीचालकहरुलाई कारबाही गरिएको जानकारी दिए ।

उनले पुस १ गतेदखि सञ्चालन गरिएको ट्राफिक उज्यालो कार्यक्रम अन्तर्गत ८१ हजार २ सय ८९ जनालाई ट्राफिक नियम, सडक अनुशासन र सडक सचेतना लगायतका विषयमा शिक्षा दिइएको समेत बताए । उनले ट्राफिक उज्यालो कार्यक्रम अन्तर्गत ४५ हजार १ सय ४७ जना पैदलयात्री, १ हजार ६ सय ४८ जना मोटरसाइकल चालक, ६ सय १२ जाना निजी सवारी चालक, ११ हजार ८ सय ३ जना सार्वजनिक सवारी चालक र सहचालक, ९ सय जना विभिन्न संघ संस्थाका सवारीचालक, ७ हजार १ सय ४ जना विद्यार्थी र ५७ सरकारी सवारीचालकलाई सचेतना गराइएको बताए ।

यसबाहेक ६ महिनामा दुई चरणमा ९ सय जना स्वयंसेवक परिचालन गरिएको, यात्रुमैत्री अभियान शुरु गरिएको, ट्राफिक जाम कम गर्न विभिन्न प्रयास गरिएको तथा सडक पूर्वाधार सुधारका लागि तयार पारिएको ३७ बुँदे अल्पकालीन सडक सुधार कार्ययोजनाको कार्यान्वयनमा जोड दिइएको महाशाखा प्रमुख ढकालले जानकारी दिए ।

त्यस्तै उपत्यकाको ट्राफिक व्यवस्थापनलाई सहज, व्यवस्थित र चुस्त बनाउन प्रविधिमैत्री ट्राफिक व्यवस्थापनमा प्राथमिकता दिइएको र ९ वर्षदेखि बिग्रीएर रहेका १७ स्थानका ट्राफिक लाइटलाई मर्मत गरी सञ्चालनमा ल्याइएको ढकालले बताए । साउन यता चोरी भएका २ सय ८५ वटा मोटरसाइकल सम्बन्धित धनीलाई जिम्मा दिएको र चोरीमा संलग्न ३० जनालाई कारबाही गरिएको जानकारी दिए । महाशाखाले आइतबारपनि चोरी भएका २५ वटा मोटरसाइकल सम्बन्धित धनीलाई जिम्मा लगाएको थियो ।

# समानताको सिद्धान्तविपरीत राज्य जान लाग्यो : नेता पौडेल



**चितवन/मस-** नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले समानताको सिद्धान्तविपरीत राज्य जान लागेको बताएका छन् । पत्रकारसँग आइतबार चितवनमा कुराकानी गर्दै उनले सरकार नागरिक सबै बराबर हुन भन्ने उद्देश्यले अघि बढ्नुपर्नेमा पक्षपाती भएको टिप्पणी गरे ।

नेता पौडेलले प्रदेश सरकारले गरेको निर्णय माथि पनि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले छानबीन गर्न नपाउने गरी गलत मनसायबाट विधेयक ल्याउन लागेको बताए । यसले लोकतन्त्रलाई कमजोर बनाउने उनको भनाइ थियो । उनले भने, 'लोकतन्त्रको सट्टा धनतन्त्रतर्फ देशलाई लान खोजियो ।'

फरक प्रसङ्गमा उनले पार्टीभित्र वैचारिक द्वन्द्व भए पनि अहिले केही हदसम्म समाधान भएको बताए । आफू पार्टीभित्र विकृतिको अन्त्य गर्नुपर्छ भन्ने पक्षमा रहेको उनको भनाइ थियो । उनले भने, 'पार्टीभित्र धेरै ठाउँमा विकृति विसङ्गति रहेको छ । त्यसको अन्त्य हुनुपर्छ ।' राजनीतिलाई सम्मानको क्षेत्र बनाउनुपर्ने भन्दै उनले सुशासन, पारदर्शीता र विकृतिरहित बनाउन आवश्यक रहेको बताए ।

# चीनमा रहेका नेपालीलाई उद्धार गर्न आयोगको आग्रह

**काठमाडौं/मस-** राष्ट्रिय मानव अधिकार आयोगले मित्रराष्ट्र चीनको हुवेई प्रान्तमा रहेका नेपालीको जीवन जोखिममा पर्नसक्ने भएकाले स्वदेश फर्काउन सरकारसँग आग्रह गरेको छ । आयोगमा आइतबार बसेको आकस्मिक बैठकले उक्त प्रान्तमा भएका नेपालीको संवेदनशीलतालाई बुझी सुरक्षितरूपमा स्वदेश फर्कने वातावरण मिलाउन सरकारसँग आग्रह गरिएको हो ।

बैठकले सरकारलाई आफ्ना नागरिकहरूलाई शीघ्र सुरक्षितरूपमा स्वदेश फर्कने वातावरण मिलाउन निर्देशन दिने निर्णय गरेको आयोगका प्रवक्ता वेदप्रसाद भट्टराईले जानकारी दिए । उनका अनुसार उक्त प्रान्तका सबै नेपालीको स्वास्थ्य अवस्थाको जानकारी र स्वदेश फिर्ता गर्ने सम्बन्धमा सरकारका सम्बन्धित मन्त्रालयले गरेको काम कारवाहीका सन्दर्भमा आवश्यक जानकारी लिन परराष्ट्र, शिक्षा र स्वास्थ्यमन्त्रालयका सचिवहरूलाई आयोगमा बोलाउने निर्णय गरेको छ ।

चीनमा रहेका नेपाली विद्यार्थी तथा अन्य नेपाली नागरिक नोबेल कोरोना भाइरसका कारण आफू बसेको निवासबाट बाहिर निस्कन सक्ने अवस्था नभएको, लामो समयसम्म निवासमा बन्दीजस्तै जीवन बिताउँदा खाद्य सामग्रीको समेत अभाव भएको, जति लामो समय चीनमा रह्यो त्यति नै उनीहरू संक्रमणको जोखिममा रहेको बताइएको छ ।

दुई हप्तादेखि चीनको सो प्रान्तमा रहेका करिब १८५ जना नेपाली विद्यार्थी तथा अन्य नेपाली नागरिकमा नोबेल कोरोना भाइरसको संक्रमण हुने सन्त्रास भइरहेको र उनीहरूको शीघ्रजीवन रक्षा गरिदिन माग गर्दै अविभावकहरूले आयोगसमक्ष पेश गरिएको ज्ञापन-पत्र एवं नेपाली नागरिकको जीवन रक्षाका सम्बन्धमा आयोगले सो निर्णय गरेको हो ।

# राप्तीमा डुबेर बेपत्ता

**बाँके/मस-** बाँकेको राप्तीसोनारी गाउँपालिकास्थित अगैयामा वनभोज गएका एकजना राप्ती नदीमा डुबेर बेपत्ता भएका छन् । कोहलपुर नगरपालिका-१२ चप्परगौडी घर भई अगैयामा पसल सञ्चालन गर्दै आएका शिव शर्मा वनभोजपछि सो नदीमा नुहाउने क्रममा बेपत्ता भएको इलाका प्रहरी कार्यालय कोहलपुरका प्रमुख प्रहरी नायब उपरीक्षक कुलदीप चन्दले जानकारी दिए ।

शनिबार अपराह्न बेपत्ता भएका उनलाई फेला पार्न नसकिएको प्रनाउ चन्दले बताए । शर्माको खोजीमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयवासी खटिएका थिए ।

# पर्यटकीय गन्तव्य बन्दै सिरहाको बाबा ताल

**शुभनारायण कामती/मध्यान्ह**
सिरहा, २६ माघ

सिरहाको कर्जन्हा नगरपालिका वडा नं.२ बन्दीपुर स्थित बाबा ताल पर्यटकीय गन्तव्य बन्दै गएको छ । पूर्व-पश्चिम राजमार्ग स्थित सिरहाको बन्दीपुरबाट कारिब दुई किलोमिटर उत्तरतर्फ कर्जन्हा नगरपालिका वडा नं.२ बन्दीपुरमा रहेको हरियो जंगलको मनोरम दृश्य देखिने बाबा ताल किनारमै मोक्षश्वर महादेव मन्दिर छ ।

सुन्दर र शान्त देखिने बाबा तालमा दिनभरी आन्तरिक तथा बाहिरी पर्यटकको घुईचो लागेको हुन्छ । पर्यटकहरू दिनभरी रमाउँदै तालमा डुंगा सयर गरिरहेका हुन्छन् । सौन्दर्यता अभिवृद्धि गर्न स्थानीय सरकारले चासो देखाएपछि तालको मुहार फेरिन लागेको हो । आसपासको क्षेत्रमा संरक्षित वन तथा तालको सौन्दर्यताले यतिबेला जोकोहीको मन तानिने गरेको वन संरक्षण समिति बन्दीपुरका अध्यक्ष अंजनी कुमार दाहालले बताए । सामुदायीक वनको मुहारमा रहेको बाबा तालमा हाल ५ तले भ्यु टावर निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

दाहालका अनुसार अहिले ताल निकै मनमोहक रहेकाले यहाँ आउने जोकोही पनि मोहित हुने गरेका छन् । आन्तरिक पर्यटक मात्र नभएर भारतीय पर्यटक पनि यो तालमा रमाउनका लागि आउने गर्छन् । विशेष गरी बिदाको समयमा जिल्लाभित्रकै सर्वसाधारण बाबा तालमा रमाउन पुग्ने गरेका छन् ।

बाबा तालमा पिकनिक मनाउन तथा घुम्न आउनेहरुको संख्यामा वृद्धि हुँदै गएको स्थानीयवासीहरु बताउँछन् । विशेषगरी अंग्रेजी नयाँ वर्ष तथा जाडो याममा पिकनिक मनाउन तथा घुम्न आउनेहरुका कारण यो बाबा ताल खचाखच भरिएको हुन्छ । अहिले दैनिक २० देखि २५ जना समूहमा यहाँ पिकनिक (वनभोज) मनाउन आउने गर्दछन् ।

यस क्षेत्रमा शैक्षिक अध्ययन, अवलोकन भ्रमण गर्न शुक्रबार, शनिबार र बिदाका दिन कर्मचारी, विद्यार्थी तथा अन्य पर्यटक, युवायुवती रमाउन र मनोरञ्जनका लागि आउने गरेको वन संरक्षण समिति बन्दीपुर, सिरहाका संस्थापक अध्यक्ष भोला पोखरेलले बताए ।

तालिमको सुवर्ण अवसर
Star Level को होटेल तालिम गर्नु गराउनु परेमा HILTON ACADEMY लाई सम्झनुहोस BHM गरि star hotel को अनुभवी Professional Chef द्वारा तालिम दिइने ।
हाम्रो सेवाहरु: ❖Cook ❖Food & Beverage Service ❖Housekeeping ❖Coffee Maker ❖Bartender ❖Cashier ❖Front Office ❖Room Attendant ❖Bell Boy ❖Domestic Helper ❖Cleaner ❖Baby Siter ❖Care Giver ❖Montessori
तालिम को साथ Japanese, Korean, English, French, Hibru भाषा पढाईन्छ । मेनपावर कम्पनीहरुलाई विशेष छुटको व्यवस्था छ ।
HILTON ACADEMY PVT. LTD.
(Hotel Management & Culinary Arts)
Basundhara Chowk (Near Ishan Ball Hospital)
Kathmandu, Tel:01-4351313, 4355747 h/p 9823643528
email: hiltonhma@gmail.com

होटल तालिम !
मेनपावरहरुले हस्पिटालिटीको अन्तर्वार्ता र ट्रेड टेस्टको लागि पनि सम्पर्क गर्न सक्नुहुनेछ ।
Get your skill for your future carrier



✔ HK
Cleaners/House Keeping/ Laundry man, Room boy
✔ KITCHEN
Kitchen Helper/ Kitchen Stewards
Indian, Chinese, Continental, Arabic, Japanese, Thai Cook
✔ F&B
Waiter/Waitress, Hostess/Service Crew/ Cashier/Barista.
✔ FRONT DESK, RECEPTION
रोजगारी पनि भविष्य पनि
NICHOLAS HOSPITALITY SERVICES (P).LTD
Hotel Management Institute
Tokha-10, Gongabu, Kathmandu ☎ 01-4387681, 9851019169
info@nicholaspitality.com, nicholas.hospitality2019@gmail.com

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय हवाई टिकट छिटो, छरितो सेवाको लागि हामीलाई सम्झनुहोस् ।
कस्मो नेपाल ट्राभल एण्ड टुर्स प्रा. लि.
Cosmo Nepal Travel And Tours (P.) Ltd.



G.P.O. Box No.: 6012, Gairidhara-2, Naxal, Kathmandu, Nepal, Tel.: 977-1-4432368, 4439190, Mob.: Shyam KC 9851108449
Nabin Kafle 9801091701, 9841917001, Sachin Pandey 9801017077, 9851017077, Email: cosmonepal2012@yahoo.com, Website: www.cosmonepal.com

## सम्पादकीय

# उचाई बनाउने अवसर

आगामी अप्रिलमा नेपाल सरकारले सगरमाथा सम्वाद शुरू गर्दैछ। जलवायु परिवर्तनबारे अन्तर्राष्ट्रिय बहस गर्न सरकारले बौद्धिक बहसको थालनि गर्न लागेको छ। यो सम्वादमा नेपालसँग कुटनैतिक सम्बन्ध रहेका मुलुकका कार्यकारी तथा राष्ट्र प्रमुखहरूलाई निमन्त्रण दिइएको छ। अहिलेसम्म सरकारको तयारी र उद्देश्य हेर्दा विश्वभर भइरहेको जलवायु परिवर्तनबारे अन्तर्राष्ट्रिय बहस हुनेछ। बहसकै आधारमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा अल्पकालीन र दीर्घकालीन कार्यक्रम तय हुने आशा गरिएको छ।


विभिन्न देशले आ–आफ्नो क्षेत्रमा यस्तो बौद्धिक बहस गर्दै आएको छ। चीन बेइजिङ सम्मेलन, भारतले राइनास, स्वीजरल्याण्डले डाभोस सम्मेलन जस्ता मञ्च मार्फत् अन्तर्राष्ट्रिय बहस गर्दै आएका छन्। छिमेकी मुलुकहरूले जस्तो वर्सेनि नभएर नेपाल सरकारले भने प्रत्येक दुई वर्षमा सगरमाथा सम्वाद शुरू गर्न लागेको जनाएको छ। त्यसका लागि नेपाल सरकार र विभागीय मन्त्रालयले तयारी तीव्र पारेको छ। कतिपय मुलुकमा दूतावास मार्फत सरकारले निमन्त्रणा पुऱ्याएको छ भने कतिपय मुलुकमा विभागीय मन्त्रीहरूले निमन्त्रणा पुऱ्याएका छन्।

तयारीकै क्रममा आइतबार राष्ट्रिय बहस भएको छ। यो बहसमार्फत सरकारले सगरमाथा सम्वादमा एजेण्डा तय गर्ने जनाएको छ। सरकारी अधिकारीहरूका अनुसार, सगरमाथा सम्वादले मुलत जलबायु परिवर्तनबारे नेपालको अनुभव बाड्नेछ भने अरू देशले गरेको अनुभव अनुशरण गर्नेछ। प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्य अवस्थाका कारण उपप्रधानमन्त्री ईश्वर पोखरेलले आइतबारको तयारी सम्मेलनको सम्बोधन गरे।

उपप्रधानमन्त्री पोखरेलले दीगो विकासको बाटो समात्न नसक्दा नेपालको उच्च पहाडी र हिमाली क्षेत्रमा बढी असर देखिएको निष्कर्ष सुनाए। सायद, अप्रिलमा हुने सगरमाथा सम्वादमा नेपालको यिनै अनुभव र निष्कर्ष प्रस्तुत हुनेछन्। सँगै, सहभागी राष्ट्र प्रमुख तथा कार्यकारीले आ–आफ्नो देशको चिन्ता र समाधानको उपाय सुझाउनेछन्।

केही वर्षदेखि तयारी गरिरहेको सगरमाथा सम्वाद कति लाभदायी हुनेछन् भन्ने अहिले नै अनुमान गर्न गाह्रो हुनेछ। आशा गरौं– सगरमाथा सम्वाद जलवायु परिवर्तनमा विश्वकै लागि महत्वपूर्ण मञ्च हुनेछ। तर, त्यो भन्दा पनि महत्वपूर्ण भने नेपालले अन्तर्राष्ट्रिय सम्बन्धलाई समेत उचो बनाउन यो मञ्च प्रयोग गर्न सक्छ। त्यसका लागि कुटनैतिक सम्बन्धलाई कसरी व्यवस्थापन गर्न सक्छ भन्ने मूल प्रश्न उठ्छ। किनभने, विश्वको ध्रुवीकरण शाश्वत हो। त्यसैले सन्तुलित कुटनैतिक सम्बन्ध मार्फत् नेपालले अन्तर्राष्ट्रिय जगतमा उचाई बनाउने यो अवसर समेत हो। हरेक क्षेत्रबाट त्यहीअनुसार, बुझ्न र बुझाउन सक्नुपर्ने हुन्छ।

## सामाजिक सञ्जाल



मैले नबुझेको कुरो, दुग्ध विकास संस्थान कसरी घाटामा जान सक्छ ? नेपालीले पाए सम्म हरेक दूग्ध जन्य पदार्थ डीडीसी कै किन्छन्। खोज्छन् ! कति भ्रष्टाचार रहेछ त्यहाँ ?

-आनन्दराज खनाल




खाडि पसेका मान्छे एकदिन पक्कै आफ्नो देश फर्किन्छ किनकी उस्ले त्यहाँ बस्ने वैधानिकता पाउँदैन तर विकसित मुलुक पढ्न भनेर गएका आफ्ना छोराछोरी उतैको आलिसन र बिलासिताको जीवनमा रूमलिएर हराइदिन्छन्। आफ्नै काख रित्याएर ठूलो सपना बुनेर विदेश पठाइएका सन्तान आफ्नो देशमा फर्केर आउलान् त !

– मोहनप्रसाद मैनाली



कांग्रेस जस्तो लोकप्रिय लोकतान्त्रिक पार्टीमा भ्रष्टाचारी नेताहरू हुनै सक्दैन बरू भ्रष्टाचारीहरू चाँहि कांग्रेस हुन सक्छ। जस्तैः खुमबहादुर खड्का, चिरञ्जीवी वाग्ले, गोविन्द राज जोशी, जेपी गुप्ता (भुपु कांग्रेस) र हाल आएर विजयकुमार गच्छदार।

– विश्वरसिंह मेवाहाङ



नेपालको राजनीति नेतृत्व र प्रशासनिक नेतृत्वको लुटेरा अनुहार र चरित्रलाई ललिता प्रकरणले छर्लङ्ग पारेकोछ असक्षम माकुने र बाबुरामले फेरि कहिल्यै प्रधानमन्त्री हुन लोभ नगर्नु दाग लागि सक्यो विष्णु पौडेलको रकमी जग्गा किनेको होइन घुस नै हो अनुमान गरौं यस्ता अनैतिक बिकाउलाई देश जिम्मा ?

– खगेन्द्रराज सिटौला

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला। समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं। कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article .madhyanhadaily@gmail .com

# पुँजीवादी चरित्रका काम्रेड



■ कान्ति न्यौपाने

“ एक साथीले भने, 'त्यो त हामीले अघि नै भनेको नि, सेक्युरिटीले जान नदिएपछि के गर्नु, ढोका फोर्न भएन।' यत्तिकै गेटमा कुरा गर्दैगर्दा काम्रेड गाडीमा साइरन लगाउँदै आइपुगे। हामीलाई देखेपछि झ्यालबाट सोधे, 'किन बाहिर बस्नुभएको तपाईंहरू ? ल उहाँहरूलाई भित्र ल्याइहाल्नू, यसरी बाहिर राखेर पनि हुन्छ।'

केही समयअघि नाम चलेका काम्रेडको कार्यक्रममा पुगेको थिएँ। त्यहाँ उनी जोडतोडसाथ चिच्याउँदै भन्न थाले, 'दलाल पुँजीवादले समाज ध्वस्त पाऱ्यो। विश्वभरका पुँजीपति श्रमिकलाई श्रमको मूल्य दिँदैनन्। पुँजीपतिहरू सर्वहाराको खुन र पसिना खाएर मोटाउँछन्।' यस्तै-यस्तै।

अनि त्यसमै थपे, 'हामी भनेका श्रमिकका पक्षधर हौँ। समावेशिता र समन्यायमा विश्वास गर्ने, महिला र पिछडिएका वर्गलाई अन्याय हुन दिँदैनौं, हरेकलाई गाँस, बास र कपासको सुरक्षा गराउने हाम्रो तयारी छ। अब हामी दलाल पुँजीपतिहरूलाई श्रमिकको पसिना चुसेर मोटाउने अवसर दिँदैनौ।' हामी जसरी पनि हुँदा खाने वर्गलाई माथि उठाउँछौं भन्दै कार्ल मार्क्स, लेनिन, माओ गान्धीसम्मलाई जोड्न भ्याए।

उनले यसो भनिरहँदा कार्यक्रममा सहभागीहरूले ताली पिटे, त्यतिले नपुगेर उफ्री-उफ्री सिठी फुके। मलाई भने हाँसो लाग्यो।

एकै छिन अचम्म परेँ। मनभरि प्रश्न उब्जियो- आखिर उनीहरूले के बुझेर उफ्रीउफ्री ताली पिटे। वास्तविकता नबुझ्नेले त ताली पिटे तर विद्वान् र ज्ञानले निपुण भनाउँदाले पनि ताली पिटेपछिचाहिँ चाकरी राम्रै गर्ने रहेछन् भन्ने भान भयो। उनको बोली र व्यवहार कहाँ मेल खायो ? मैले उनको कपडा नियालेँ, कुनै निम्न स्तरको श्रमिकले महिनाभरि गर्ने खर्चभन्दा महँगो देखिन्थ्यो उनको एकसरो कपडा। जुत्ता, घडी, नाम चलेका ब्रान्डका २ वटा मोबाइल अनि करोडौंको गाडी, जुन निम्नस्तरीय श्रमजीवीले देखेका पनि छैनन् होला। ती उफ्रीउफ्री ताली पिट्नेसँग सोध्न मन थियो- के बुझेर ताली पिट्यौ ? उनको गराइ र भनाइमा कहाँ समानता भेट्यौ ? विनायोजना सस्तो लोकप्रियताका लागि भाषण दिएर मात्रै पुग्छ कि काम पनि गर्नुपर्छ ? आफ्ना हुन् चाहे अर्को कोही, अनावश्यक कुरामा औँला ठड्याउन सक्नुपर्छ। तर सोध्न आवश्यक ठानिनँ बरु उनकै भाषणतर्फ ध्यान केन्द्रित गरिरहेँ।

भाषणको रफ्तार बढ्न थाल्यो। अब उनी शिक्षातिर मोडिन थाले। छोराछोरी सरकारी स्कुलमा नपढाए शिक्षकहरूलाई कारबाही गरिने बताए। खुब हाँसो लाग्यो, आफ्ना छोराछोरी विदेशका टप स्कुलमा पढ्न पढाएर अर्काका छोराछोरीचाहिँ सरकारीमा नपढाए कारवाही गर्ने रे ! मनजिकै बस्ने एक सहभागीलाई चित्त बुझेनछ क्यारे, यस्ता गँवारको भाषण पनि के सुन्नु भन्दै बाहिरिए। सायद उनी सरकारी शिक्षक नै थिए। काम्रेडले विकास र समृद्धिको सपना देखाउन छोडेनन्। त्यस्तै कुरामा १ घण्टा भाषण दिएर मेरो छोटो भनाइ यहीँ टुंग्याउँछु भन्दै काम्रेड बसे। उनका शब्द-शब्द मेरो मनमा गडे। उनी अलिकति पनि व्यावहारिक नभएको भान भयो।

उनले उफ्रीउफ्री भाषण गरेको केही दिनपछि नै मलाई उनको घरमा हुने कुनै बैठकमा सहभागी हुनैपर्ने भयो। उनको घर देख्न पाइने भयो भन्नेमा निकै खुसी लाग्यो।

काठमाडौंको व्यस्त सडकभन्दा थोरै भित्र रहेछ उनको घर। बिहान ८ बजे बोलाइएको थियो तर म ७:३० मै पुगेँ। चाँडै आएँ भन्ने पिर लागेको थियो तर अरू साथी पनि आइसकेका रहेछन्। उनीहरू गेटबाहिर उभिएका रहेछन्। मैले सबैलाई अभिवादन गर्दै सोधेँ, 'किन बाहिर उभिनुभएको, भित्र जान मिल्दैन रे ?' उनीहरूले भने, 'कमरेड बाहिरबाट आउँदै छन् अरे, अनि आएपछि मात्रै भित्र पठाउने रे।' कताकता चित्त बुझेन।

सोधेँ, 'उहाँ आउँदै भए पनि के भयो त भित्र बस्न, नारा-जुलुस गर्न आएजस्तै के गेटमा उभिनु त अनि ? भित्रै कुर्न पाए राम्रो हुन्थ्यो नि ?' एक साथीले भने, 'त्यो त हामीले अघि नै भनेको नि, सेक्युरिटीले जान नदिएपछि के गर्नु, ढोका फोर्न भएन।' यत्तिकै गेटमा कुरा गर्दैगर्दा काम्रेड गाडीमा साइरन लगाउँदै आइपुगे। हामीलाई देखेपछि झ्यालबाट सोधे, 'किन बाहिर बस्नुभएको तपाईंहरू ? ल उहाँहरूलाई भित्र ल्याइहाल्नू, यसरी बाहिर राखेर पनि हुन्छ।' काम्रेडले त्यति भनेर जाँदा अलि सान्त्वना मिलेजस्तै भयो।

हामीलाई सेक्युरिटीले भित्र लग्यो, म कमरेडको घर नियाल्न थालेँ। घरबाहिरको सजावट पनि खुब राम्रो रहेछ। वरिपरि दुबो र थरीथरी फूल। बस्नका लागि कुर्सीहरू पनि राखिएका रहेछन्। ३ तले घर बाहिर र भित्र उत्तिकै आकर्षक लाग्यो। सहयोगीले हामीलाई बैठक कोठामा लगे। बैठक कोठा उस्तै आकर्षक। बाल्यकालदेखि हालसम्मका फोटो, प्रमाणपत्रले भित्ता भरिएका रहेछन्। काम्रेडले बाहिर मात्र होइन, घरभित्रको सजावटमा पनि निकै खर्च गरेका रहेछन्।

घरमा काम गर्ने सहयोगी पनि प्रशस्त रहेछन्। जो उनले हरेक भाषणमा भन्ने श्रमजीवी सर्वहाराको प्रतिनिधित्व गरिरहेका थिए। बैठक सुरु हुनु केहीअघि कुनै सहयोगीले कालो चिया लिएर आए। ती त्यहाँ भइरहेका सहयोगीमध्येका थिएनन्। यसो नजर डुलाएँ, त्यहाँ सुरक्षाकर्मीबाहेक नै अरू ७ जना थिए। हामीलाई चिया ल्याइदिने सहयोगी आठौँ नम्बरका रहेछन्। अचम्म भएँ, उनको भनाइ र गराइ देखेर। मनमनै लाग्यो, सहयोगी पनि कति चाहिएको काम्रेडलाई ?

अझ धेरै विषय जान्न मन लाग्यो उनका बारेमा। अनि उनकै एक सहयोगीलाई उनका छोराछोरी, दाजुभाइ, दिदिबहिनी कता के गर्छन् भनेर सोधेँ। उनी पनि उनको व्यवहारबाट आजित रहेछन्, दुखेसो पोख्न थाले। 'अधिकांश विदेशमा छन् र यहाँ रहेका पनि नाफामूलक संस्थाका मालिक छन्। नभए उनले कहीँ न कहीँ राजनीतिक नियुक्ति गराएका छन्। न क्षमता छ न योग्यता। त्यस्ता व्यक्तिलाई टपक्क टिपेर पदमा राखिएको छ। त्यति मात्र होइन, निजी सम्पत्ति राष्ट्रियकरण गर्नुपर्छ भन्दै आएका उनकै काठमाडौंमा २ वटा रेस्टुरेन्ट र बाहिर हाइड्रोपावर छन्। केही महिनाअघि उनकै संस्थामा काम गर्ने केही कर्मचारीले महिनौंसम्म तलब नपाएको विरोधमा नाराबाजी गरेका थिए। काम छोड्ने र सडकमा उत्रने चेतावनीसमेत दिएका थिए। तर पछि केही-कसो गरी थामथुम लाए, अहिलेसम्म पनि समस्या सम्बोधन भएजस्तो लाग्दैन। एउटा छोरो फेरि यहाँ भ्रष्टाचार गर्ने, गुन्डागर्दी गर्ने, अरूलाई धम्क्याउँदै रातभर बार र रेस्टुरेन्टमा हंगामा मच्चाउँछ। अनि भोलिका दिनमा त्यही छोरो मन्त्री, राजदूत र अन्य संस्थामा प्रमुख बन्छ। अब तपाईं भन्नुस्, यस्तो व्यक्तिबाट तपाईंले के अपेक्षा गर्ने, मैले के अपेक्षा गर्ने। त्यसै होइन नि, नेपाल पछि परेको। यिनै सामन्तवादी प्रवृत्तिका व्यक्तिहरूले देश डुबाएका हुन्। अझै यस्ता भन्न नहुने कालो कतूर्त थाहा छ, मलाई यिनका बारेमा।'

सायद त्यो कुरा उनका धेरै निकट व्यक्ति र उनलाई मात्रै थाहा होला। मैले अलिकति जिज्ञासु हुँदै सोधेँ, 'के कुरा हो अनि तपाईंले चाहिँ कसरी थाहा पाउनुभयो नि।' उनले थोरै हाँस्दै भने, 'त्यो एउटा संयोग थियो, उनलाई आएको गोप्य चिठी झुक्किएर मसँग आइपुगेछ, त्यहीँबाट थाहा भयो।' त्यत्तिकैमा उनको फोन बज्यो। उठाएपछि 'हस् म आइहालेँ' भनी मलाई हात हल्लाउँदै भित्र दगुरे। म भने त्यो कर्तुत सुन्न निकै हतारिएको थिएँ। तर त्यत्तिकैमा बैठक सकियो।

त्यहाँबाट निस्कनुपूर्व ट्वाइलेट जाने निहुँमा ती सहयोगीलाई घरको भित्र र आसपास नियालेँ तर कहीँ भेटिनँ। हत्तेरी, उनको नम्बर पनि लिन पाइएन। तिनलाई अब पनि कुनै कार्यक्रम, सभा, समारोहमा भेटी पो हालिन्छ कि भन्ने आशा पलाउँछ। तर अहिलेसम्म मौका मिलेको छैन।

***(न्यौपाने योहो टेलिभिजनकी राजनीतिक संवाददाता हुन्)***

# ब्रतबन्धः के अनिवार्य कर्म हो ?

**ब्रतबन्ध गरेकाहरूले धार्मिक कार्यमा संलग्न हुन पाउँछन् भनिन्छ। यस अर्थमा भौतिकवादीहरूका लागि यो कर्मको कुनै औचित्य छैन।**



रोहित दहाल

हरेक समुदायभित्र मानिसका दिनचर्या र जीवन प्रणालीसँग जोडेर नियम र संस्कार बनाइएको हुन्छ। यी संस्कारहरु विभिन्न कालखण्डमा परिमार्जन भइरहेका पनि हुन्छन। सामाजिक व्यवस्थाको चरित्र अनुसार यस्ता संस्कारहरु परिमार्जन हुन्छन् र राम्रा अनि अनिवार्य संस्कारहरु कायम रहन्छन्। त्यस्तै अनावश्यक संस्कारहरु हराएर पनि जान्छन। तथापी केही केही संस्कारहरु बर्णको दम्भ, जातीय अहंकार र धार्मिक श्रेष्ठता कायम गर्न समयानुकुल नभएपनि लागु गरिन्छ वा परम्परा टिकाउने नाममा मानिरहने गरिन्छ। हिन्दू परम्परा भित्रको ब्रतबन्ध पनि त्यस्तै औचित्यहिन तर अझ आडम्बरका साथ अपनाउने गरिएको संस्कार हो। हिन्दू परम्परामा विभिन्न संस्कारहरुलाई अपनाउने गरिन्छ। हिन्दु परम्परामा धेरै पहिलेदेखि गर्भाधान (सन्तानबृद्धिका लागि गर्भको शुभ होस भन्ने) संस्कार, पुंसवन (पुत्र नै प्राप्त होस भन्ने) संस्कार, सीमन्तोन्नयन(श्रेष्ठ सन्तान होस भन्ने) संस्कार, जातकर्म (बच्चाको नाल काट्नुपूर्व आयु, बल, बुद्धि बढोस भन्ने) संस्कार, नामाकरण (नाम राख्ने) संस्कार, निष्क्रमण (सूर्य,वायु, प्रकृतिको दर्शन गराउने) संस्कार, अन्नप्राशण (अन्न खुवाउने) संस्कार, विद्यारम्भ (पढन लेख्न सिकाउने) संस्कार, कर्णभेद (कान छेड्ने) संस्कार, ब्रतबन्धअर्थात चुडाकर्म (जनै धारण गर्ने) संस्कार, बेदारम्भ (बेद पढ्ने) संस्कार, केशान्त (बेदबाट दीक्षित भएपछि केश काट्ने) संस्कार, समावर्तन (ब्रहम्णले बेदबाट दीक्षित शिष्यलाई बैदिक मन्त्रबाट शुद्ध पर्ने) संस्कार, विवाह संस्कार, अन्त्येष्टी संस्कार, श्राद्ध संस्कार रहेका छन्। माथिका यी सबै संस्कारलाई हेर्दा अधिकाँस संस्कारहरु तत्कालिन ब्राह्मणहरुले ब्राह्मण क्षेत्रीहरुका लागि तयार गरेको देखिन्छ। त्यसमध्ये कतिपय वैज्ञानिक र अनिवार्य कर्म नै छन् भने कतिपय लैंगिक र वर्ण विभेद लागू गर्ने सोचाइका देखिन्छन। बेद पढ्ने र बेदबाट दीक्षित हुनुपर्ने जस्ता संस्कारहरु बेद पढ्न पहिले नै बञ्चित गरिएकाहरुका लागि किमार्थ थिएनन् भन्ने स्पष्ट नै छ। यी संस्कारहरु पशुभन्दा तल्लो श्रेणीमा राखिएका मानिसहरुका लागि थिएन बरु सर्बश्रेष्ठ मानव भनी स्वघोषित ब्राह्मणहरुका लागि बनाइएको थियो।

वर्तमान समयसम्म आउँदा कतिपय संस्कारहरु हटिसकेका छन् र केहि केहि अब हटाउँदै जानुपर्ने समेत देखिन्छ। वर्तमानमा सबै मानिसहरुले गर्नैपर्ने अनिवार्य कर्महरु भनेको नामाकरण (न्वारन) संस्कार, विवाह संस्कार, अन्त्येष्टी संस्कार र श्राद्ध संस्कार नै हो। हरेक व्यक्तिको निजत्व र पहिचानका लागि नाम राख्नैपर्छ। यो संस्कार आ-आफ्ना धार्मिक सामाजिक चलन अनुसार सबैले गर्नैपर्छ। भौतिकवादीहरुले पनि आफ्नै प्रगतिशील शैलीबाट जन्मिएको बच्चाको नाम राख्नै पर्छ। विवाह भनेको महिला र पुरुषबीच जीवन सञ्चालन गर्न ल्याइएको नियम हो र यो अनिवार्य कर्म हो। आदिम साम्यवादी समाजमा यौन स्वच्छन्द थियो। पछि यस्तो स्वच्छन्दताले अराजकता निम्त्याएको हुँदा निश्चित महिला र पुरुषबीच विवाह गर्ने चलन आयो र अहिलेको आधुनिक समाजमा भने बहुपत्नी/बहुपति प्रथा गैह्र कानूनी मान्दै एक निष्ठताको सम्बन्ध कायम गर्नुपर्ने भयो। अन्त्येष्टी संस्कार भनेको मानिसको शवलाई जलाउने वा गाड्ने कर्म हो। स्वभाविक रुपमा मानिसको मृत्यु पछि लासलाई कुहाएर राख्ने वा बेवारिसे छाड्ने कार्य शोभनीय हुन्न। यसलाई पनि आफ्नै धार्मिक, सांस्कृतिक चलन अनुसार गरिन्छ र भौतिकवादीहरुले पनि आफ्नै तरिकाले गर्छन। श्राद्ध संस्कार भनेको मृत्यु भइसकेका व्यक्तिहरुको सम्झनामा प्रत्येक वर्ष उसका सन्तानले सम्झना गर्ने दिन हो। धार्मिक मानिसहरु मरेको मान्छेको आत्मा स्वर्ग वा परमधाम पुगेको हुन्छ र उसका लागि राम्रो होस् भनेर पिण्ड लडाएर वा आ-आफ्नो चलन अनुसार गर्छन् भने भौतिकवादीहरु मृत्यु भइसकेको मानिसको राम्रा र नराम्रा कामहरुको द्वन्दात्मक विश्लेषण गर्दै विविध कार्यक्रम गरेर मनाउँछन। यी अनिवार्य कर्महरुसँगै नेपालका ब्राह्मण क्षेत्रीहरुले ब्रतबन्ध संस्कार पनि मनाउने गर्छन्। यसलाई चुडाकर्म वा उपनयन पनि भन्ने गरिन्छ। ब्रतबन्ध समान्यतः आठ वर्ष देखि २५ वर्षसम्ममा गर्ने चलन छ। ब्रतबन्ध गरेकाहरुले धार्मिक कार्यमा संलग्न हुन पाउँछन् भनिन्छ। यस अर्थमा भौतिकवादीहरुका लागि यो कर्मको कुनै औचित्य छैन। साँच्चै भन्ने हो भने यो कर्मको कुनै वैज्ञानिक औचित्य पनि देखिन्न। यस जगतका प्राणीहरुमध्ये सर्वश्रेष्ठ प्राणी मानव हो भन्ने कुरामा कुनै द्विविधा छैन। तर मानिसहरुमध्ये सर्वश्रेष्ठ मानिस भनेका ब्राह्मण हो र त्यो पनि ब्रतबन्ध गरेको उपाध्याय ब्राह्मण मात्र सर्वोत्कृष्ट मानव हो भन्ने सोचाइ भने गलत र पाखण्डी तर्क हो। यहि तर्कलाई स्थापित गरेको छ ब्रतबन्ध संस्कारले। यस कर्ममा बालकलाई टुप्पी बाहेक टाउको मुण्डन गराइ अष्टबक्र लौरो,कमण्डलु, पोटली लिएर गेरु बस्त्र र मृगचर्म धारण गरेर भिक्षा माग्न लगाइन्छ। अर्थात शुद्ध ब्राह्मण बनाउने कोशिस गरिन्छ। वेद अध्ययन ब्राह्मण वा ब्राह्मणको वंशजमा पर्नेहरुले गर्नुपर्थ्यो र अरुले बेद पढ्न पाउँदैनथ्यो। ब्राह्मण वा सो कुलसँग सम्बन्धित बालकलाई बेद शिक्षा दिन अनिवार्य गरिएको थियो। त्यस बेला बालकलाई ब्रम्हचार्य पालन गराउँन ब्रतबन्ध गराइन्थ्यो।

यो संस्कार कायम राख्न नाटकका रुपमा बालकले ब्रम्हचार्य सहित बेद अध्ययनका लागि आश्रम जान खोज्ने र बालकको मामाले उसलाई गृहस्थ जीवनमा फर्काउन खोज्ने विधी अझै पनि ब्रतबन्धका क्रममा गर्ने गरिन्छ। यसको अर्थ त्यहाँ बेदको अध्ययनलाई प्रमुख मानिएको छ जबकि अरु मानिसले बेद पढ्न पाउँदैनथे। यसको अर्थ ब्रतबन्ध भन्ने कुरा ब्राह्मण वा ब्रह्मण वरिपरि रहेका क्षेत्री, राजपुतहरुले बेद पढ्ने जातले अझ उच्च बनी अरुलाई तुच्छ मानिसका रुपमा बिश्लेषण गर्न नै यो चलन चलाएको पुष्टी हुन्छ। जंगबहादुर राणाले जारी गरेको नेपालको मुलुकी ऐन १९१० मा नेपाली समाजलाई तागाधारी (ब्राह्मण, राजपुत, क्षेत्री), मासिने मतुवाली, नमासिने मतुवाली, पानी नचल्ने छोइछिटो गर्नु नपर्ने, पानी नचल्ने छोइछिटो गर्नुपर्ने गरी पाँच तहमा मानिसलाई विभाजन गरिएको थियो। तागाधारीहरुलाई अपराध गरे पनि अरुभन्दा कम सँजाय दिइन्थ्यो भने अरु समूदायले तागाधारीलाई छोएमा वा छोएको खाना खुवाएमा अरु समूदायकाले कडा सँजाय पाउँथे। यसरी ऐनबाटै मनुस्मृतिको विभेदकारी व्यवस्थालाई राज्यले लागु गरेको थियो र समाजमा ब्राह्मणवादलाई बलियो बनाएको थियो। ऐनले नै तागाधारीहरुलाई उच्च मानिसको रुपमा व्यवस्था गरेपछि कतिपय तागाधारी समूदाय भन्दा फरक समूदायका मानिसहरुले पनि त्यो समूदायभित्र आफू उच्च भएको देखाउन ब्रतबन्ध गरी जनै लगाउँन थालेको पाइन्छ।

तागाधारीलाई उच्च मानेर निर्माण गरिएको नेपालको मुलुकी ऐन १९१० मा तल्लो जातले छोएको कुन कुन कुरा बिटुलो हुन्छ र कुन कुन कुरा बिटुलो हुँदैन भनेर पनि उल्लेख नै गरिएको थियो। उसिनेको भुटेको अन्न बिटुलो हुने तर त्यहि अन्न छोडाएको, पिसेको भए बिटुलो नहुने भनिएको थियो। पानी राख्ने माटाका भाँडो मात्र छुँदा बिटुलो नहुने तर त्यसमा पानी राखेको छ भने त्यो पानी बिटुलो हुने भनिएको थियो। यो सरासरी जनैवादलाई महान ठानेर उनीहरुलाई आम मानिसभन्दा उच्च बनाउँने राज्यकै नीति थियो। यसरी ब्रतबन्धका नाममा सुरु गरिएको जनैवादले छुवाछुत प्रथालाई बलियो बनाउने काम गऱ्यो र अहिले पनि त्यहि बिचारलाई टिकाउन ब्रतबन्धलाई अझ तामझामका साथ स्थापित गराउन खोजिएको देखिन्छ। ब्रतबन्धको औचित्य अबको समाजमा स्वतः समाप्त भएको छ। जनै धारण गरेर मद्यपान गर्नेहरुलाई पृथ्वीनारायण शाहको पालामा जनै झिकेर मतुवाली जातमा खसालिन्थ्यो। झुक्किएर मद्यपान गर्नेलाई ब्राह्मणहरुले विधी पुऱ्याएर पतिया (शुद्ध पार्ने कार्य) गरिन्थ्यो। यसले के देखाउँछ भने ब्रतबन्ध गरेर जनैधारण गर्नु भनेको अन्य मानिसलाई निकृष्ट र ब्राह्मण, क्षेत्री, राजपुतलाई उत्कृष्ट ठहऱ्याउने संस्कार थियो। तर अहिले अवस्था बदलिएको छ। ब्राह्मणले जनै समाउँदै मद्यपान गरेर पनि ब्राह्मण भइरहने अवस्था आएको छ। अब व्यवहारिक रुपमा पनि जनैको औचित्य ब्राह्मणवादले कसरी पुष्टी गर्न सक्दैन। ब्राह्मणहरुले नै अरब र यूरोपतिरका देशहरुमा त्यहाँका गैह्र हिन्दु (धार्मिक शब्दमा म्लेच्छ) का भाँडा माझ्न छोराछोरी पठाइरहेको अवस्थामा उनीहरुको आफ्नै आदर्शले समेत जनैवादको औचित्य सिध्याइदिएको छ। अब कथित आडम्बरका लागि ब्रतबन्ध गरि जनै धारण गर्नुको अर्थ बाँकी देखिँदैन। वर्तमान समयमा गर्न नहुने खोक्रो सामन्तवादी आदर्शलाई बोकेर कथित जातीय उत्कृष्टता प्रदर्शन गर्ने जनैवाद र ब्रतबन्ध संस्कारलाई अब अनिवार्य कर्म ठान्ने गल्ति गर्नु हुँदैन।

एकजना विचारक फ्रेडरिक निच्जले भनेका छन 'समाजमा जेजस्ता मूल्य मान्यताहरु स्थापित छन्, ती तथ्यमा आधारित नभएर व्याख्या र बिश्लेषणमा आधारित छन् अनि त्यो ब्याख्या र बिश्लेषण पनि शक्तिकेन्द्रले बनाएको हुन्छ।' विगतका समयमा ब्रतबन्ध जस्ता कर्मलाई तथ्यबाट हैन ब्याख्या र विश्लेषणबाट तत्कालिन राज्यसत्ताको प्रमुख अंग ब्राह्मणवादी शक्तिकेन्द्रले चलाएको थियो र अझै पनि ब्राह्मणवादी मानसिक शक्तिकेन्द्रले त्यहि कर्मलाई तथ्यले हैन ब्याख्याले टिकाइरहन खोजेको छ। वर्तमानमा कतिपय आधुनिक बिचारका मानिस हौं भन्नेहरु पनि ब्रतबन्धलाई अनिवार्य कर्म बताउने गर्छन् र अझ पार्टी प्यालेसमा नाचगान, भोजभतेर गरी खर्च गरेर मनाउँछन्। यसरी पार्टी प्यालेसमा खाना खुवाइरहँदा खाना पकाउनेहरु सबै तागाधारी हुँदैनन्। तर पनि ब्रतबन्धको भोज कार्य शुद्ध नै भएको मानिन्छ। तथ्यबाट हेर्दा ब्रतबन्धको कथित शुद्धता सिद्धिएको छ तर पनि जर्बजस्ति यो कर्मलाई अझै शुद्धताको प्रतिक बनाउँने ब्याख्या र बिश्लेषण भने जारी छ। यसरी ब्रतबन्ध बर्तमान समयमा सन्दर्भहिन संस्कार भइरहेको छ तथापी वर्ण विभाजनलाई नयाँ ढंगले कायम राख्न यसलाई फेसनको रुप दिन थालिएको छ। फेसनको रुपमा चल्न थालेको यस्तो ब्रतबन्ध संस्कार अनिवार्य कर्म हुनै सक्दैन।

व्यवहारिक नभए पनि, यसको औचित्य समाप्त भएको भए पनि, जतिसुकै आडम्बरी, ढोंगी क्रियाकलाप भएपनि ब्रतबन्ध प्रथा जोगाउनु पर्छ र जनैवादलाई प्रोत्साहित गर्नुपर्छ भन्नु भनेको अर्को शब्दमा छुवाछुत प्रथा कायम राख्नु पर्छ, मुलुकी ऐन १९१० लाई ब्युँताउनुपर्छ र मानिसले मानिसलाई नै तुच्छ र उच्च ठान्ने संस्कार कायम राख्नुपर्छ भन्नु नै हो। तसर्थ मानव जीवनमा विभेदको जरा रोप्ने यस्ता कर्मलाई अनिवार्य पार्ने कुरा हटाउँनुपर्छ।

## प्रधानमन्त्रीको असन्तुष्टि:

# सरकारको काममा ढिलासुस्ती भयो



काठमाडौं/मस- प्रधानमन्त्री केपी शर्मा ओलीले तीनै तहका सरकारको कामलाई सुधार गर्नुपर्ने बताएका छन् । सिंहदरबारमा आइतबार बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकमा प्रधानमन्त्री ओलीले सरकारका कामको सन्तोष गर्ने ठाउँ नभएको भन्दै गुनासो गरका हुन् ।

काममा अत्यन्तै ढिलासुस्ती भएको र वैदेशिक लगानीका आयोजनाको काम पनि तीव्र गतिमा हुन नसकेको उनले बताए । प्रधानमन्त्री ओलीले अपेक्षित विकास योजनाहरु पनि समयमा सम्पन्न नहुँदा जनतामा निरासा उत्पन्न भएको बताए ।

सातै प्रदेशका मुख्यमन्त्रीहरु पनि सहभागी हुने उक्त बैठकमा प्रधानमन्त्री ओलीले आफ्नै नेतृत्वको सरकारको कामबाट जनताले पाउने जति लाभ पाउन नसकेको दुखेसो गरे । 'काममा अत्यन्तै ढिलासुस्ती भयो । वैदेशिक लगानीका आयोजनाको काम पनि तीव्र गतिमा हुन सकेन', उनले भने, 'अपेक्षित विकास योजना पनि समयमा नसकिँदा जनताले पाउनु पर्ने लाभ पनि पाउन समस्या भयो ।' प्रधानमन्त्री ओलीले विकासको गतिमा पनि तीव्र असन्तुष्टि जनाए । 'जुन गतिले विकास गर्नुपर्ने थियो त्यो गति हामीले पक्रन सकेका छैनौं', उनले अगाडि भने, 'केही उपलब्धी भएका छन् तर सन्तोषजनक भएका छैनन् ।'

प्रधानमन्त्री ओलीले सम्बोधनका क्रममा तीनै तहका सरकारको कार्यशैलीमा परिवर्तनको खाँचो रहेको औंल्याए । उनले विसकालाई गति दिन सरकारले अहिलेको कार्यशैली फेर्नुपर्ने बताउँदै जनताले बढी भन्दा बढी लाभ लिन सक्ने अवस्था बनाउन पनि उपस्थित सहभागीलाई आग्रह गरे ।

बैठकको अध्यक्षता गरेर आफ्ना कुरा राखे लगत्तै प्रधानमन्त्री ओली कार्यक्रमबाट निस्किएका थिए । बालुवाटार लागेका छन् । उनले आफ्नो स्वास्थ्यमा असहज महसुस भएको जानकारी दिएर बैठकबाट निस्किएका हुन् ।

प्रधानमन्त्री ओलीले शनिबार त्रिवि शिक्षण अस्पतालमा डायलासिस गरेका थिए । मिर्गौलाले प्राकृतिकरुपमा काम गर्न छाडेपछि उनी अहिले सातामा एक पटक डायलाइसिस गरिरहेका छन् । शनिबारको डायलासिसका क्रममा असहज महसुस गरेपछि चिकित्सकहरुले प्रम ओलीलाई आइतवार दिनभरि आराम गर्न सुझाएका थिए । तर बालुवाटारमा दिउँसोसम्म आराम गरेर उनी समितिको बैठकमा सहभागी हुन सिंहदरबार पुगेका थिए ।

## एम्बुलेन्समा चित्तल तस्करी



**डडेल्धुरा/मस–** सुदूरपश्चिम प्रदेश सरकारले वितरण गरेको अत्याधुनिक भनिएको एम्बुलेन्स चित्तल तस्करीमा प्रयोग भएको पाइएको छ । प्रदेशको सामाजिक विकास मन्त्रालयले बाँडेको एम्बुलेन्स प्रहरीले दार्चुलामा नियन्त्रणमा लिएको हो ।

बैतडीको डिलाशैनी गाउँपालिकाले चलाउँदै आएको सुदूरपश्चिम प्रदेश ०१-००१ झ ३४६ नम्बरको एम्बुलेसलाई ईलाका प्रहरी कार्यालय गोकुलेश्वरले नियन्त्रणमा लिएको हो । महेन्द्रनगरबाट फर्किने क्रममा एम्बुलेन्स चेकजाँचका क्रममा मृत चित्तल भेटिएपछि नियन्त्रणमा लिएको ईलाका प्रहरी कार्यालय गोकुलेश्वरका प्रमुख प्रहरी निरीक्षक खगेन्द्र साउदले बताए ।

उनका अनुसार एम्बुलेन्स चालक महेश बोहोरालाई पनि पक्राउ गरिएको छ । बोहोराले कञ्चनपुरको अर्जुनी ब्यारेकबाट चित्तल मारेर ल्याएको बयान प्रहरीसमक्ष दिएका छन् । एम्बुलेन्स र चालकलाई सव डिभिजन वन कार्यालय चौलानीलाई बुझाइने प्रहरीले जनाएको छ । प्रहरीले बुझाएपछि चालकविरुद्ध वन ऐन अनुसार कारबाही गरिने सव डिभिजन वन कार्यालयका प्रमुख परमानन्द कुँवरले बताए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/०६/२० मा दर्ता भएको **प्रा.लि. नं. ८६७६२१** को **जयमाता गुहेशवरी हाउजिङ्ग एण्ड ल्याण्ड डेभलपमेन्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/०६/०८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (क) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६४/१०/०७ मा दर्ता भएको **प्रा.लि. नं. ५११२७** को **तुल्सीपुर माउण्ट भ्यू ट्राभल्स एण्ड टुर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७६/१०/२० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**कतारमा रोजगारको अवसर** | १. कम्पनी: ENCIVIL CONSTRUCTION. शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७६/१०/२४ चलानी नं.: ६०१५१३७८ LT. No.: 232411

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Tile Maker | 1 | 0 | स. काममा दक्ष | 1100 | ३४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: IMAGE CONTRACTING AND TRADING WLL शहर: DOHA

पुर्व स्वीकृत मिति: २०७६/१०/२६ चलानी नं.: ६०१५१४०५ LT. No.: 232412

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रू. | | | | | | | |
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३४,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electrician Gen | 1 | 0 | | 1100 | ३४,४२० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
साविकको नाम: रिजा ह्युमन रिसोर्स प्रा. लि.
श्रम इजाजत नं. १४६९/०७४/०७५ बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३८
Email: hr@mobhiraservices.com, Web: www.mobhiraservices.com



**बहराइनमा रोजगारको अवसर** | १. कम्पनी: BARBECUE DURGA W.L.L शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०७६/०९/१७ चलानी नं.: ६०१४९४६९ LT. No.: 230454 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | BD | ने. रू. | | | | | | | |
| 1. | Waiter/Waitress | 2 | 2 | स. काममा दक्ष | 130 | ३९,२८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: QUICK ZEBRA SERVICES (Q Z S) शहर: BAHRAIN

पूर्व स्वीकृत मिति: २०७६/१०/०८ चलानी नं.: ६०१५०३३० LT. No.: 231242 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | BD | ने. रू. | | | | | | | |
| 1. | Heavy Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 220 | ६६,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Driver | 2 | 0 | | 140 | ४२,३१० | | | | | | | |
| 3. | Kitchen Stewarding | 3 | 0 | | 140 | ४२,३१० | | | | | | | |
| 4. | Operator | 6 | 0 | | 150 | ४५,३३० | | | | | | | |
| 5. | Helper | 5 | 0 | | 120 | ३६,२६५ | | | | | | | |
| 6. | Store Keeper | 2 | 0 | | 180 | ५४,३९५ | | | | | | | |
| 7. | Cleaner | 100 | 80 | | 100 | ३०,२२० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय, सामाखुसी, काठमाडौंमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nice Recruiting Agency Pvt. Ltd.**
Nice Recruiting Agency (P.) Ltd.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Tel: 4385029, Mob.: 9851183443, 9862804111
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np



**यूएईमा रोजगारको अवसर** | कम्पनी : DELTA FORCE SECURITY SERVICES LLC शहर: DUBAI

पुर्व स्वीकृत मिति: २०७६/१०/१५ चलानी नं.: ६०१५०७४४ L.T. No.: 231905 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Security Guards | 10 | 0 | स. काममा दक्ष | 2150 | ६६,६९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**OMAMA MANPOWER PVT. LTD.**
sinamangal-9, Kalimatidole, Kathmandu
Contact No.: 9823380498, 9805945923 ,9801332286, 9843689620
E-mail : omamamanpower@gmail.com
Gov. Lic. No. 1422/074/075


## विवादपछि प्रेमिकाको हत्या



**काठमाडौं/मस–** सुनसरी दुहबी नगरपालिका-६ कालीमन्दिर चोक बस्ने ३२ वर्षीया सम्झना खत्रीको हत्यामा संलग्न भएको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरी कृष्णश्रवण गाउँपालिका-३ मट्टीगढा घर भई हाल मोरङको बुढीगंगा गाउँपालिका-३ पोठियामा डेरा गरी बस्ने २५ वर्षीय सुरेन्द्रप्रसाद साह छन् ।

मोरङ विराटनगर महानगरपालिका-१२ मलहनुवा पश्चिम रिङरोडबाट करीब २५ मिटर पर उखुबारीमा गत शुक्रबार बिहान सम्झना खत्रीको शव फेला परेपछि प्रहरीले अनुसन्धान सुरु गरेको थियो । हत्या आरोपमा पक्राउ परेका सुरेन्द्र क्वालिटी नुडल्स फ्याक्ट्रीमा कार्यरत छन् ।

सोही फ्याक्ट्रीमा कार्यरत युवती खत्री र उनीबीच विगत ३ वर्षदेखि प्रेम सम्बन्ध रहेको पाइएको छ । मंगलबार दिउँसो सोही ठाउँस्थित बाँसबारी चोक अगाडि उनीहरू भेट भएका थिए ।

त्यसपछि मोटरसाइकलमा चढेर बाँसबारी चोकबाट पश्चिम नहरको बाटो हुँदै दक्षिणतर्फ गएको र विराटनगर महानगरपालिका-१२ मलहनुवा रिङरोड छेउमा गफ गर्ने क्रममा उनीहरुबीच विवाद भएको थियो । एकआपसमा विवाद भएपछि रिसको आवेगमा सुरेन्द्रले ती महिलालाई उखुबारीमा पुऱ्याई धारिलो बाँसले हानेर हत्या गरेको पाइएको प्रहरीले जनाएको छ ।

हत्यापछि सुरेन्द्रले शव उखुबारीमा फालेका थिए । प्रहरीले उनको साथबाट मोटरसाइकल १ थान र मोबाइल २ थान प्रहरीले बरामद गरेको छ । सुरेन्द्रलाई कर्तव्य ज्यानसम्बन्धी मुद्दामा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।


**UAE मा रोजगार** | कम्पनी: AL REHABH BUILDING CLEANING SERVICES शहर: DUBAI

पूर्व स्वीकृत मिति: २०७६/१०/२६ चलानी नं.: ६०१५१४२४ L.T. No.: 231817

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Cleaners(Female) | 0 | 4 | स. काममा दक्ष | 1200 | ३७,२२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Nepal Placement Agency Pvt. Ltd.**
Shuberna Shamsher Marga- 4, Baluwatar, Kathmandu, Nepal
श्रम इजाजत नं.: ३९०/०५९/०६०
Tel: 01- 4432999 01-4431239, 9851002903, 9801093451
Email: info@npajobs.com, Web.: www.npajobs.com



**मलेसियामा रोजगार** | कम्पनी : DOSB DEMAND OPTIONS SDN. BHD. शहर : MALAYSIA

पूर्व स्वीकृती मिति: २०७६/१०/२६ चलानी नं.: ६०१५१४४१ LT. No.: 232823

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रू. | | | | | | | |
| 1. | Operator | 60 | 10 | स. काममा दक्ष | 1200 | ३३,०३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ५ गते (17 Feb.202) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**RHR Rose Human Resources Pvt. Ltd.**
श्रम इजाजत नं. १४५६/०७४/०७५
Sinamangal-9, Kathmandu, Tel.: 01-4110956, 4110832, 9803281289
Email : rosehumanresources12@gmail.com



**साउदीमा रोजगारको अवसर** | कम्पनी : ALMOHSEN COMPANY शहर: SAUDI ARABIA

पूर्व स्वीकृत मिति: २०७६/१०/२४ चलानी नं.: ६०१५१४४६ LT. No.: 232658

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | SR | ने. रू. | | | | | | | |
| 1. | Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३०,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**रोज ओभरसिज प्रा.लि.**
श्रम इजाजत नं. १४७/०५६/०५७
चण्डोल चोक, बंसिधर मार्ग, काठमाडौं, फोन नं. : ४४१२८७४, ४४४६१०५, फ्याक्स : ४४१७२४०
E-mail : roseoverseas@yahoo.com, roseovrs@wlink.com.np, Web : www.roseoverseas.com.np



**यूएईमा रोजगारको अवसर** | कम्पनी: ARMAN SANITARY & PAINTS CONT शहर: UAE

पूर्व स्वीकृत मिति: २०७६/१०/२६ चलानी नं.: ६०१५१४२६ LT. No.: 232374

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रू. | | | | | | | |
| 1. | Painter Buildings | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Moulding Maker | 1 | 0 | | 1000 | ३१,०२० | | | | | | | |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Sagar Recruitment Pvt. Ltd.**
GPO Box: 21807, Dhumbarahi- 4, Kathmandu, Nepal
Gov. Lic No. 895/067/068
Tel: +977- 1- 4442232, Fax: +977-1- 4442285, Mob.: 9851016252, 9801049210
Email: info@sagarjob.com.np, Web: www.sagarjob.com.np

# ‘जलवायु परिवर्तनको असर नेपालमा अधिक’




**काठमाडौं/मस–** उपप्रधान तथा रक्षामन्त्री ईश्वर पोखरेलले जलवायु परिवर्तनको असर नेपालमा अधिक परिरहेको बताउँदै त्यसका कारण र प्रभावका साथै जलवायु अनुकूलन र न्यूनीकरणमा अझ बढी बहस हुनुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय तथा विश्वस्तरका समसामयिक तथा साझा चासोका विषयमा सघन बहस र छलफल गर्ने उद्देश्यले सरकारले आगामी चैतमा आयोजना गर्न लागेको ‘सगरमाथा संवाद’ कार्यक्रमको पूर्वतयारीका सन्दर्भमा आइतबार राजधानीमा आयोजना गरिएको सगरमाथा राष्ट्रिय संवादको उद्घाटन गर्दै उनले हाम्रा हिमाल, जीवन पद्धति र पारिस्थितिकीय प्रणाली जलवायु परिवर्तनका कारण संकटमा परेको यथार्थ सुनाए ।

जलवायु परिवर्तनले परेका असर र प्रभावलाई घटाउन तथा अनुकूलनका लागि उत्थानशीलताको क्षमता अभिवृद्धि हुनुपर्ने आवश्यकता औँल्याउँदै उनले नेपाललगायत अतिकम विकसित राष्ट्र जलवायु परिवर्तनको जोखिममा रहेको बताए । उनले भने, ‘जलवायु परिवर्तन गर्नमा विकसति राष्ट्रहरू जति जिम्मेवार छन्, नेपालजस्ता अति कम विकसित राष्ट्रहरूको भूमिका खासै छैन तर यिनै अतिकम विकसित राष्ट्र जलवायु परिवर्तनको बढी मारमा परेका छन् ।’

आगामी चैत २० देखि २२ गतेसम्म काठमाडौँमा हुने सगरमाथा संवादको मुख्य विषय ‘जलवायु परिवर्तन, पर्वतीय वातावरण र मानव जातिको भविष्य’ रहेको सन्दर्भमा जलवायु परिवर्तन र त्यसका असरका विविध पक्षमा चर्चा गर्दै उनले पर्वतीय राष्ट्र नेपाल हिन्दूकुश क्षेत्रमा रहेको र विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ वटा हिमशृंखलामध्ये आठवटा नेपालमा रहेकाले नेपालीको शिर गर्वले उच्च रहेको भन्दै तिनलाई जलवायु परिवर्तनका दुष्परिणामबाट जोगाउन अपरिहार्य भएको बताए ।

उपप्रधानमन्त्रीले पोखरेलले भने, ‘नेपाल र नेपालीको परिचयलाई संसारमा उच्च बनाएका हिमालयले पृथ्वीको सतहलाई चिसो बनाइराख्न, जलचक्रलाई नियमन गर्न र वनस्पति, वन्यजन्तु तथा समग्र मानव जातिलाई आवश्यक अनुकूलित हुनका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् ।’ हरितगृह ग्यास उत्सर्जन र तापक्रममा आएको वृद्धिले हाम्रा हिमशृंखला पग्लिन थालेका मात्र नभई सामाजिक र प्राकृतिक पद्धति खल्बलिइरहेको वास्तविकता औँल्याउँदै उपप्रधानमन्त्री पोखरेलले विगत ३० वर्षमा नेपालको तापक्रम शून्य दशमलव छ डिग्री सेल्सियसले बढेको वैज्ञानिक प्रतिवेदन उद्धृत गर्दै बताए ।

हरितगृह ग्यास उत्सर्जन, पृथ्वीको तापक्रममा आएको अप्रत्याशित वृद्धिले हिउँ पग्लने, हिमताल बन्ने, हिमताल फुट्ने जोखिम बढेको देशका केही भागमा पानीको अभावले खडेरी र मरुभूमिकरण बढेको विगतमा हराभरा पहाडी बस्तीमा खानेपानीको अभावले बसाइँसराइ गर्नुपर्ने बाध्यता थपिएको बर्खायाममा हुने अतिवृष्टिले पहाडमा बाढी र पहिरोको प्रकोप बढेको र तराईमा डुबानले आक्रान्त पारेको भन्दै उनले जलवायु परिवर्तनका नकारात्मक असरसँग सामूहिकरुपमा जुध्नुपर्ने बताए ।

उपप्रधानमन्त्री पोखरेलले भने, ‘जलवायु परिवर्तनको प्रत्यक्ष असर वनस्पति, जैविक विविधता, तालतलैया, पोखरी र नदी प्रणालीमा परेको छ, खाद्य सुरक्षा र पानीको अभावमा मानिसहरु आफ्नो थातथलो छोडेर बसाइँसराइ गर्नाले देशको सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा नकारात्मक असर परेको छ ।’

सरकारले जलवायु परिवर्तनको क्षेत्रमा भोगेका समस्या हल गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ स्वीकृत गरेको, उक्त नीतिमा कृषि र खाद्य सुरक्षा, वन, जैविक विविधता र जलाधार, जलस्रोत र ऊर्जा, प्राकृतिक र सांस्कृतिक सम्पदामा आधारित पर्यटन, ग्रामीण र शहरी बस्ती, भौतिक पूर्वाधार, उद्योग र यातायात, खानेपानी र सरसफाइ, जलवायुजन्य प्रकोप व्यवस्थापनसहित आठवटा आयामलाई समावेश गरेको जानकारी दिए ।

जलवायु परिवर्तनसँग लैङ्गिक समानता, सामाजिक समावेशीकरण, जनचेतना र क्षमता अभिवृद्धि, अध्ययन अनुसन्धान एवं प्रविधि विकास, जलवायु वित्तलगायत विषय अन्तर सम्बन्धित रहेका बताउँदै उनले समाजले भोगेका सबै प्रकारका जलवायु परिवर्तनका समस्या र तिनको समाधानका उपायबारे राष्ट्रिय संवादमा गहन छलफल हुने विश्वास व्यक्त गरे । जलवायु परिवर्तन साझा समस्या भएकाले नेपालले राष्ट्रिय र अन्तर ाष्ट्रिय क्षेत्रमा जलवायु परिवर्तनका मुद्दालाई सम्बोधन गर्दा साझा तर क्षमताको आधारमा अलगअलग जिम्मेवारी बहन गर्ने गरी अगाडि बढ्नुपर्ने टड्कारो खाँचो पनि उपप्रधानमन्त्री पोखरेलले औँल्याए ।

डोजर संस्कृतिको नियमन गरौँ

जलवायुमैत्री विकास दिगो र भरपर्दो हुने, विकास र वातावरणबीचको समन्वयमार्फत दिगो विकासका लक्ष्य प्राप्त गर्नु नेपालको आवश्यकता र दायित्व भएको बताउँदै उपप्रधानमन्त्री पोखरेलले जता मन लाग्यो उतै बाटो खन्ने डोजर संस्कृतिका बारेमा पनि नियमन गर्नु अनिवार्य नै भइसकेको छ भने ।

उद्घाटन सत्रका सभापति परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले प्रत्येक दुई वर्षमा आयोजना गरिने पहिलो संस्करणको संवादको औचित्य, महत्व र आवश्यकताबारे जानकारी दिँदै त्यसमा नेपालले समेत सामना गर्नु परिरहेका वातावरणीय, सामाजिक, आर्थिक, सांस्कृतिक, प्राविधिक, जनजीवनलगायत विश्वव्यापी चासोका मामलाहरू एवं समस्याबारे सघन छलफल गरिने बताए । मुलुकलाई अतिकम विकसित राष्ट्रको सूचीबाट चाँडोभन्दा चाँडो बाहिर निकाल्न सबैको साझा प्रयास जरुरी भएको बताउँदै उनले दिगो विकासका लक्ष्यलाई आत्मसात् गर्दै सन् २०२२ सम्ममा विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने लक्ष्य भेट्ने लक्ष्य भएको बताए ।

# विद्युत् विस्तार गर्न ११ हजार रूख कटान



**संखुवासभा/रासस–** संखुवासभामा निर्माण भइरहेका विभिन्न विद्युत् आयोजनाका कारण ११ हजारभन्दा बढी रूख काटिएका छन् । नौ सय मेगावटको अरुण तेस्रो जलविद्युत् परियोजना र २२० को कोशी करिडोर प्रसारण लाइन निर्माणका लागि उक्त सङ्ख्यामा रूख काटिएका हुन् ।

विद्युत् विस्तार गर्न मात्र सरकारी वन क्षेत्रका मात्रै पाँच हजार ४०० रूख काटिएका डिभिजन वन कार्यालयका सहायक वन अधिकृत हेमन्त पराजुलीले जानकारी दिनुभयो । अरुण तेस्रो जलविद्युत् परियोजना र कोशी करिडोर प्रसारण लाइन निर्माणका लागि जिल्लाका १८ सामुदायिक वन क्षेत्रका रूख काटिएका बताइएको छ ।

विद्युत् आयोजनाका लागि जिल्लामा सामुदायिक र निजी क्षेत्रका १४ हजारभन्दा बढी रूख काट्ने मन्त्रिपरिषद्ले निर्णय गरेको थियो । अरुण तेस्रो आयोजनाका लागि मकालु गाउँपालिका-५ फ्याक्सिन्दामा ड्याम साइड र चिचिला गाउँपालिका दिदिङ पुखुवा पावर हाउसमा १२३.२२ हेक्टरका छ हजार २९४ रूख काटिसकिएका निर्माण कम्पनी सतलजले जनाएको छ ।

आयोजनाले ट्रान्समिशन लाइनका लागि ९० हेक्टरका सामुदायिक वन र निजी वनका छ हजार ९९७ रूख काट्नलाई निर्माण कम्पनीले नेपाल सरकारसँग माग गरेको थियो । अरुण तेस्रो परियोजनाको ५०१ ट्रान्समिशन लाइनमध्ये सङ्खुवासभामा ४३ ठूला टावर रहने कम्पनीले जनाएको छ ।

आयोजनास्थल ड्याम साइड र पावर हाउसमा लगिने ३३ केभी प्रसारण लाइनले ९९४ र २२० को कोशी करिडोरले ७३० रूख काटिने सहायक वन अधिकृत पराजुलीले बताए । उनका अनुसार ड्याम साइड, पावर हाउस पुखुवामा १२३.२२ हेक्टर, कोशी करिडोर ४.३७ हेक्टर र ३३ केभीका लागि ४.९८ हेक्टर क्षेत्रमा रूख काट्न मन्त्रिपरिषद्ले अनुमति दिई रूख काट्ने काम ९० प्रतिशत छ ।

विद्युत् प्रसारण लाइन हुने करीब दुई किलोमिटर लम्बाइ र ४६ मिटर चौडाइ क्षेत्रका रूख काट्नु पर्नेछ । अरुण तेस्रो जलविद्युत् परियोजनाले मकालु राष्ट्रिय निकुञ्ज क्षेत्रको ४४.१८ हेक्टर वन प्रयोग गरेको छ । वन ऐनअनुसार विद्युत् प्रसारण लाइन निर्माणका लागि राष्ट्रिय निकुञ्ज क्षेत्रमा एक रूख बराबर २५ बिरुवा र अन्य वन क्षेत्रमा एक रूख बराबर दुई बिरुवा लगाउनुपर्ने कानूनी प्रावधान छ । जिल्लामा निर्माणाधीन रहेका साना तथा ठूला विद्युत् आयोजनाबाट १४ हजार २१ रूख काटिनेछन् ।

# प्रदेशसभा बैठक स्थगित




**विराटनगर/मस–** प्रदेश नं १ को प्रदेशसभाको आइतबारको बैठक प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको अवरोधका कारण स्थगन भएको छ । पाँचौं अर्थात् हिउँदे अधिवेशनको यो दोस्रो बैठक हो । हिउँदे अधिवेशन यही माघ २३ गतेदेखि शुरु भएको हो ।

बैठकको प्रारम्भमा नेपाली कांग्रेसका सदस्य उभिएपछि सभामुख प्रदीपकुमार भण्डारीले पटकपटक बस्न आग्रह गर्दा पनि आफ्नो स्थानमा नबसेपछि सचेतक सूर्यमाराज राईलाई बोल्न समय दिएपछि उनले लामो संघर्ष र बलिदानबाट प्राप्त संघीयतालाई रक्षा गर्नुपर्ने धारणा राखे ।

उनले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एउटै प्रकृतिको मुद्दामा कसैले उन्मुक्ति पाउने र कसैलाई कारवाही हुने काम गलत भएको आरोप लगाउँदै कारवाही प्रक्रिया नसच्याए लगातार सदन अवरोध गर्ने घोषणा गरे । बैठक सोमबार २:०० बजे अपराह्न बस्ने सभामुख भण्डारीले जानकारी दिए ।

बैठकको आइतबारको सूचिमा उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री जगदीशप्रसाद कुसियतले ‘प्रदेश वातावरण संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक’ प्रस्तावस्वरुप सदनमा पेश हुने कार्यक्रम तय भएको थियो ।

**विरोध सभा**

यसैगरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगले नेपाली पार्टीका उपसभापति विजयकुमार गच्छदारलाई कारवाही गर्न गरेको सिफारिसको कांग्रेस विराटनगर महानगरपालिका समितिले विरोध जनाएको छ । समितिले विराटनगरको शनिहाटबाट विरोध र्‍याली निकाली स्थानीय हनुमान मन्दिर नजिककै कोणसभाको आयोजना गरेको थियो ।

# सबै दल एकजुट हुनु आवश्यक : अध्यक्ष यादव

**राजविराज/मस–** समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले विकास र समृद्धिका लागि सबै दल एकजुट हुनुपर्ने बताएका छन् । सप्तरी सदरमुकाम राजविराजमा आइतबार आयोजित सर्वपक्षीय अन्तरक्रियामा अध्यक्ष यादवले संविधान संशोधनका लागि आफ्नो पार्टी सरकारमा गएको बताउँदै अध्यक्ष यादवले सरकार संविधान संशोधन गर्न तयार नभएपछि सरकारवाट बाहिरिएको बताए ।

स्थानीय तहका जनप्रतिनिधिहरूले विकासभन्दा उपभोक्ता समिति बनाउनेतर्फ सक्रिय भएकाले उपभोक्ताभन्दा विकासप्रति सबैले समर्पित हनु आवश्यक रहेको उनले औँल्याए । रामराजा स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनका लागि तत्काल ६५ बिघा जग्गा पर्याप्त रहेकोले उक्त जग्गा स्वास्थ्य विज्ञान प्रतिष्ठानको नाममा आएपछि काम अगाडि बढ्ने दाबीसमेत उनले गरे ।

भारत सरकारको सहयोगमा निर्माणाधीन छात्रावासको निर्माण कार्य अगाडि बढाउनुपर्ने बताउँदै अध्यक्ष यादवले राजविराजको छात्रावासलाई व्यवस्थित गर्न नरसिंह कलेज निर्माण गर्नु आवश्यक रहेको बताए ।


## साउदीमा रोजगार | कम्पनी: SAUDI INJECTION & PLASTIC PRODUCTS FACTORY CO.LTD शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७६/१०/२६ चलानी नं.: ६०१५१४२८ LT. No.: 232528

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plastic Lamination Factor | 3 | 0 | स. काममा दक्ष | 1200 | ३६,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

कान्तिपुर ओभरसिज सर्भिसेज प्रा.लि.

श्रम इजाजत पत्र नं.: १६७/०५६/०५७

सामाखुसी, काठमाडौं, फोनः ४३६०६१५, ४३६१९१६, ४३८५४९९, ४३८५६८९, ४३५३८२६ फ्याक्सः ४३६०६१६, E-mail : info@kantipuroverseas.com/kantipuros@hons.com.np

## साउदीमा रोजगार | कम्पनी: KATHLAK RESTAURANT FOR FAST FOOD शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७६/१०/२६ चलानी नं.: ६०१५१४३८ LT. No.: 232868

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३३,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chief | 1 | 0 | | 2100 | ६३,७७५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा फागुन ५ गते (17 Feb. 2020) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

